# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २८ | काठमाडौं | सोमबार, ०७ जेठ २०८१ | Prabhab National Daily | Monday, May 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सङ्क्रामक रोगबाट बचौं र बचाऔं**

**गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायत विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन् ।**

त्यसैले,

- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


टीकापुर नगर विकास समिति हिनामिना प्रकरण

# आरजुदेखि रेशमलाल चौधरीसम्म मुछिए

- बालुवाटार जग्गा हिनामिना प्रकरण बिर्सार्उने प्रकरण
- छानबिन गर्ने गृहमन्त्री लामिछानेको संकेत
- तत्कालीन प्रमुख एवं नापी अधिकृत मानबहादुर चन्दसहित आठ जनाविरूद्ध अख्तियारको मुद्दा





**जेबी योञ्जन**

**काठमाडौं–** गृहमन्त्री रवि लामिछानेले हालसम्मकै सर्वाधिक ठूलो भ्रष्टाचारकाण्ड भनिएको कैलालीको टीकापुर नगर विकास समितिको जग्गा हिनामिना प्रकरणको छानबिन गर्ने संकेत गरेका छन् । सहकारीको बचत अपचलन प्रकरणबारे आइतबार संसद्मा जवाफ दिने क्रममा लामिछानेले टीकापुर नगर विकास समितिको जग्गा हिनामिना प्रकरणको छानबिन गर्ने आशय प्रकट गरेका हुन् ।

यस प्रकरणको छानबिन फेरि भए कांग्रेस सभापतिसमेत रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पत्नी डा. आरजु राणादेखि नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीसम्म तानिने छन् । 'साथीहरूले मिडिया मिलाउनू भन्नुहुन्छ । म स्कुल मिलाउँछु गाउँमा । टीकापुर मिलाउँछु तर मिडिया मिलाउन सक्दिनँ,' उनले भने ।

विभिन्न दलका कयौं नेता कार्यकर्ता, बिचौलिया, नगर विकास समितिका तत्कालीन पदाधिकारी र तत्कालीन कर्मचारीहरू हिनामिना प्रकरणमा जोडिएका छन् । तैपनि उनीहरू जोगिने गरेका छन् । आइतबार विशेष अदालतमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेको भ्रष्टाचार मुद्दाले पनि त्यसको पुष्टि गर्छ । आयोगले मालपोत कार्यालय र नापी कार्यालय टीकापुरका तत्कालीन प्रमुखहरूसहित आठ जनाविरुद्ध मात्रै भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

मालपोत कार्यालयका तत्कालीन प्रमुख मोहन स्नेही रसाइली र नापी कार्यालयका तत्कालीन प्रमुख एवं नापी अधिकृत मानबहादुर चन्दसहित आठ जनाविरुद्ध अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार रसाइली र चन्दसहित मालपोत कार्यालयका नायब सुब्बा अग्निबहादुर शाही र नापी कार्यालयका सर्भेक्षक दशरथ मण्डलविरुद्ध पनि मुद्दा दायर भएको छ ।

यस्तै, गैरकानुनी रूपमा आफ्नो नाममा जग्गाधनी दर्ता प्रमाणपुर्जा बनाउने विन्द्रा रावल, कमलबहादुर रावल, सुशीलबहादुर रावल र विमलबहादुर रावलविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ । अख्तियारले उनीहरूविरुद्ध २४ करोड छ लाख ६९ हजार रूपैयाँ बिगो माग दाबी गरेको छ । उनीहरूले कैलालीको साविक नारायणपुर-८ अन्तर्गतको कित्ता नं. ९०८ को क्षेत्रफल १५-०-० ज.बि. (बिघा) जग्गा फिल्डबुकमा जंगल भनी कायम भएकोमा कित्ताकाट गरी मालपोत कार्यालय, टीकापुरबाट २०६८ सालमा व्यक्तिको नाममा कायम गरिदिएको अख्तियारको दाबी छ ।

कैलालीको टीकापुर बजार क्षेत्र वरिपरिको झण्डै ३० बिघा सरकारी जग्गा टीकापुर विकास समितिका पदाधिकारीहरूले नेता, आफन्त र दलका कार्यकर्तालाई वितरण गरेको भेटिएको छ । समिति भने पञ्चायतकालमा टीकापुर क्षेत्रको विकास गर्ने असल उद्देश्यले स्थापित थियो ।

(क्रमशः पृष्ठ २ मा)

# आफू चोखिन कांग्रेसमाथि खनिए गृहमन्त्री लामिछाने

## सभामुखले बोल्न नदिएपछि गगनको पत्रकार सम्मेलन





**प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आफूमाथि लागेको आरोपको खण्डन गरेका छन् । दुई महिना लामो प्रयासपछि आइतबार सहकारीको रकम अपचलनबारे लामिछानेले खण्डन गर्ने मौका पाएका हुन् । आइतबार बिहान ११ बजेका लागि बोलाइएको प्रतिनिधिसभा बैठक पटक-पटक सर्दै साँझ ६ बजेमात्र सुरु भएको थियो ।

प्रतिनिधिसभाको बैठक सुरु हुनसाथ लामिछानेले आफूमाथि लागेको आरोपको खण्डन गरे । लामिछानेमाथि बुटवलको सुप्रिम र पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन गरेको आरोप छ । तर उनले आफू ती सहकारीका कुनै जिम्मेवार पदमा नरहेको र कुनै ऋण नलिएको दाबी सदनमा गरे । 'सहकारीबाट गोरखा मिडियाको नाममा गएको कुनै पनि ऋण प्रक्रियामा म सहभागी छैन,' गृहमन्त्री लामिछानेले भने, 'ग्यालेक्सी टिभीबाट म अलग भइसकेकोले कम्पनीको आर्थिक दायित्व मैले भोग्नुपर्छ भने कता जानुपर्छ भन्नुस् ।'

> तपाईंहरूको पालामा मन्त्रीले अनुसन्धान गर्थ्यो होला, हाम्रो पालामा प्रहरीले अनुसन्धान गर्छ । दोषी देखिए मलाई नै हतकडी लगाएर लैजानु भन्ने निर्देशन दिएको छु । यो देश अब पालाले जसरी चल्दैन । कानुनले जे भन्छ प्रहरीले त्यही गर्छ ।
>
> **रवि लामिछाने**
> **उपप्रधान तथा गृहमन्त्री**

> म तेरो फाइल खोल्दिउँ ? अनुसन्धान गर्दिउँ ? मेरो गर्छु भन्छस् भने तेरो पनि गर्दिन्छु भन्दै हुनुहुन्थ्यो । अरे बाबा, गृहमन्त्रीले यस्तो भन्ला त ? गृहमन्त्रीले त धमाधम फाइल खोल्ने हो नि ! फाइल खोलेर देखाउनू, धम्क्याउने होइन ।
>
> **गगन थापा**
> **महामन्त्री, नेपाली कांग्रेस**

गोरखा मिडियाका सञ्चालक जिबी राई भने हाल फरार छन् । उनलाई पक्राउ नगरेको आरोपसमेत गृहमन्त्री लामिछानेमाथि लाग्दै आएको छ । लामिछानेले राईले गरेको फोहोर सोहर्ने जिम्मा आफ्नो नभएको भन्दै पन्छिए ।

लामिछानेले सहकारी प्रकरणमा आफू दोषी देखिए पक्रन प्रहरीलाई निर्देशन दिइसकेको दावीसमेत गरे । 'जहाँसम्म कन्फ्लिक्ट अफ इन्ट्रेस्टको कुरा छ । तपाईंहरूको पालामा मन्त्रीले अनुसन्धान गर्थ्यो होला, हाम्रा पालामा प्रहरीले अनुसन्धान गर्छ । तपाईंका पालामा अनुसन्धान गर्दा गर्दै प्रहरीको सरुवा गरिन्थ्यो होला,' लामिछानेले भने, 'हाम्रा पालामा दोषी देखिए मैलाई हत्कडी लगाएर लैजानु भन्ने निर्देशन दिएको छु । यो देश अब पालाले जसरी चल्दैन । कानुनले जे भन्छ प्रहरीले त्यही गर्छ ।'

छोटो समय आफ्नो बचाउमा उत्रिएका लामिछानेले अधिकांश समय प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका नेताहरूको प्रकरणहरू उक्काउनतिर खर्चिए । लामिछानेले कांग्रेसका उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, रामहरि खतिवडा र टेकबहादुर गुरुङका पुराना आरोपहरू उक्काएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

### 'गृहमन्त्रीको स्पष्टीकरण बहकाउपूर्ण'

गृहमन्त्री रवि लामिछानेले बोलेपछि महामन्त्री गगन थापाले बोल्न पाउनुपर्ने माग नेपाली कांग्रेसको थियो । लामिछानेले सदनमा बोलेपछि कांग्रेस बोल्नका लागि उभिएको पनि थियो । तर सभामुख देवराज घिमिरेले आइतबारका लागि थप कार्यक्रम नभएको भन्दै बैठक स्थगित भएको घोषणा गरे । लगत्तै कांग्रेस महामन्त्री थापाले संसद् भवनकै ल्होत्से हलमा पत्रकार सम्मेलन गरे । थापाले गृहमन्त्री लामिछाने संसदीय छानबिन समितिसँग तर्सिएको दाबी गरे ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# लोकतान्त्रिक एसोसिएसनको अध्यक्षमा थापा विजयी



**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसनिकट व्यवसायीहरूको छाता संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको अध्यक्षमा दीपक थापा निर्वाचित भएका छन् । एसोसिएसनको शनिबार सम्पन्न १२औं साधारणसभाबाट थापा अध्यक्षमा निर्वाचित भएका हुन् । उनी अध्यक्षका अन्य दुई प्रत्यासी चिरञ्जीवी बस्याल र तारानाथ अर्याललाई पराजित गर्दै नेतृत्व हात पार्न सफल भए । थापा निवर्तमान कार्यसमितिमा तृतीय उपाध्यक्ष थिए ।

नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा थापाले १५४ मत प्राप्त गरी विजयी भए । उनका निकटतम प्रतिस्पर्धी बस्यालले ८२ मत पाए । अर्का उम्मेदवार अर्यालले ६९ मत प्राप्त गरेका छन् । अर्याललाई बलियो उम्मेदवारको रूपमा हेरिए पनि तेस्रो स्थानमा सीमित भए ।

प्रथम उपाध्यक्षमा विनोदजंग केसी १३६ मतका साथ निर्वाचित भए । उनका प्रतिस्पर्धी भवानीप्रसाद निरौलाले ९२ मत ल्याए । निरौला बस्याल र अर्याल प्यानलका साझा उम्मेदवार भए पनि पराजित भए । अर्का प्रतिस्पर्धी जंगबहादुर इजमले ७५ मत प्राप्त गरे ।

यसैगरी द्वितीय उपाध्यक्षमा रामप्रसाद गैरे निर्वाचित भए । उनले १५९ मत पाए । उनका प्रतिस्पर्धी हर्कबहादुर लिम्बूले १३५ मत प्राप्त गरे । लिम्बू पनि बस्याल र अर्याल प्यानलका साझा उम्मेदवार थिए । त्यस्तै तृतीय उपाध्यक्षमा सेमन्तराज न्यौपाने निर्वाचित भएका छन् । न्यौपाने १८८ मत ल्याएर निर्वाचित हुँदा उनका प्रतिस्पर्धी शैलेश कार्कीले १०६ मतमात्रै प्राप्त गरे । महासचिवमा महेशकुमार बस्नेत १६५ मत पाएर निर्वाचित भए ।

(क्रमशः पृष्ठ २ मा)

### 'सबैलाई साथमा लिएर काम गर्छु'



**दीपक थापा**
नवनिर्वाचित अध्यक्ष

लोकतान्त्रिक प्रणाली भएका हरेक क्षेत्रमा सबैले प्रतिस्पर्धा गर्न पाउने अधिकार हुन्छ । हामी पनि सोहीअनुरूप प्रतिस्पर्धामा उत्रिएका हौं । निर्वाचन अवधिभर समूह बन्यो, प्यानल खडा भयो तर यसमा हामी नेपाली कांग्रेसनिकट व्यवसायी हौं र कांग्रेस पार्टीको शुभेच्छुक संस्थामा आबद्ध व्यवसायी हौं । निर्वाचनपछि हामी सबै व्यवसायी एक हौं । सबैजनाले त्यसरी नै बुझिदिन आग्रह पनि गर्दछु ।

निर्वाचनको परिणाम मेरो पक्षमा आए पनि हामी सबै व्यवसायी मिलेर सहमति र सहकार्यका साथ संस्थालाई अगाडि बढाइने छ । वैदेशिक रोजगारीका क्षेत्रमा थुप्रै समस्या र चुनौती छन् । यसको समधानका लागि व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघमार्फत दबाब सिर्जना गर्नुपर्ने अवस्था छ । संस्थाको नेतृत्वमा आइसकेपछि संस्थालाई कसरी अघि बढाइन्छ भन्ने आम प्रश्न हुन्छ । निवर्तमान कार्यसमितिमा तृतीय उपाध्यक्ष भएर काम गरेका कारण पनि व्यवसायी र यस क्षेत्रको समस्या र चुनौतीसँग परिचित छु । यसको निराकरण गर्न पटक-पटक कार्यसमिति बैठक राख्ने र संस्थाबाट संघमा प्रतिनिधित्व गर्ने साथीहरूमार्फत विभिन्न निकायको ध्यानाकर्षण गराउन राम्रै भूमिका खेलेको छु ।

यद्यपि अहिले नेतृत्वमा पुग्ने अवसर आएका कारण अझै जिम्मेवारी थपिएका छन् । फरक-फरक प्यानलबाट कार्यसमितिमा आए पनि हामी कांग्रेसी हौं । संस्थाको जिम्मेवारीमा आइसकेपछि प्यानल भन्ने कुरा नै हुन्न । यदि कसैले गलत निर्देशन दिन्छ भने मान्य हुँदैन तर व्यवसायीको पक्षमा र सही विषयको उठान गर्न हामी एकताबद्ध भएर लाग्ने प्रतिबद्धता जनाउँछु ।


हार्दिक बधाई *तथा*

**शुभकामना**



gkfn nf]s tflGqs j}b]lzs /f]huf/ Joj;foL P;f]l;P;gको
१२औं साघारणसभाबाट निर्वाचित पदाधिकारी एवम् कार्यसमिति सदस्यहरूलाई
xflb{s awfO{तथा सफल कार्यकालको z'esfdgf व्यक्त गर्दछौं ।

**दीपक थापा**
अध्यक्ष

**विनोदजंग केसी**
प्रथम उपाध्यक्ष

**रामप्रसाद गैरे**
द्वितीय उपाध्यक्ष

**शेमन्तराज न्यौपाने**
तृतीय उपाध्यक्षमा

**महेशकुमार बस्नेत**
महासचिव

**तुलसीराम पुरी**
सचिव

**राज लामा**
सहसचिव

**हिमा गुरुङ**
कोषाध्यक्ष

**लिलबहादुर तामाङ**
सहकोषाध्यक्ष

**सदस्य**
देवीप्रसाद गिरी
शालिकराम अधिकारी
दीपककुमार राय
सौरभ आचार्य
विद्यालक्ष्मी बज्राचार्य
अभिनयमान सिंह बस्नेत
राजेश्वर यादव
सविता कुमारी सिंह
रोशना निरौला
महेशकुमार श्रेष्ठ

**कृष्णबहादुर कार्की**
प्रबन्ध निर्देशक

**प्रभाव पब्लिकेशन प्रा. लि.**
*तथा*
**प्रभाव दैनिक परिवार**

## पृष्ठ १ बाट क्रमशः

### आफू चोखिन...

'समाचारअनुसार सांसदले नै बेचे रातो पासपोर्ट शीर्षकको समाचारमा, रातो पासपोर्टमा सजिलै भिसा लाग्ने भएकाले सभासदको पासपोर्टमा अन्य व्यक्तिको फोटो टाँसेर मानव तस्करी गर्ने गिरोह सक्रिय भयो । सांसदहरू प्रलोभनमा परेर रातो पासपोर्ट खरिद बिक्री भएको देखिन्छ,' लामिछानेले भने, 'गृहमन्त्रीमा नेपाली कांग्रेसकै तनहुँका गोविन्दराज जोशी थिए । रेग्मीको समितिले रातो पासपोर्टमा केही आर्थिक लाभ लिएका नेपाली कांग्रेसका नेताहरूको नाम भएको प्रतिवेदन पेस गरेको थियो ।' कांग्रेस उपसभापति गुरुङमाथि रातो पासपोर्ट बेचेको आरोप लाग्दै आएको छ ।

लामिछानेले कांग्रेस महामन्त्री थापालाई मुख्य निशाना बनाउँदै विभिन्न समयमा घोटाला गरेको आरोप लगाए । '२०५५ सालमा स्ववियु सभापति हुँदा त्रिचन्द्र कलेजको पार्क निर्माणमा भ्रष्टाचार भएको, ३० लाखभन्दा बढी बेरुजु महालेखापरीक्षकको प्रतिवेदनमै रहेको एउटा समाचार आएको थियो । त्रिवि परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट बनाउँछु भनेर पाँच लाख पेस्की लिएर वेबसाइट नबनाएको समाचार आएको थियो,' लामिछानेले भने ।

कांग्रेस महामन्त्री थापाले बाख्रापालनका नाममा प्याक्टबाट अनुदान लिएर दुरूपयोग गरेको प्रसंग पनि निकाले । 'व्यावसायिक कृषि तथा व्यापार आयोजना प्याक्टबाट सुनखानी एकीकृत कृषि केन्द्रको नाममा १५ करोड रूपैयाँ लिएर नुवाकोटमा बाख्रा फार्म र काठमाडौंको गोल्फुटारमा मासु पसल खोलेको, २०६८ सालमा अनुदान लिएको र बन्द गरेको समाचार आएको थियो,' लामिछानेले भने, '१५ वर्षदेखि संसद्को लास्ट सिटदेखि फ्रन्ट सिटसम्म आइपुग्दा भ्रष्टाचारका सबै काण्डको साक्षी बसेर ठूलो स्वर गर्नेहरूलाई हेक्का होस्, यो देश अब तपाईंहरूको गनगनले मात्र चल्दैन ।'

लामिछानेले थापामाथि विदेशीलाई सूचना बेचेको आरोपसमेत लगाउन भ्याए । 'सहकारी ठगी गर्नेलाई मात्र होइन, कृषि अनुदानको रकम हिनामिना गरेर कुखुरा, माछा, खसीबोका, बाख्रा पाल्नेलाई पनि बाहिर पठाऔं। दुईतीनवटा नागरिकता बोक्नेलाई मात्र होइन, एउटै नागरिकता र पासपोर्ट बोक्ने, तर देशका गोप्य सूचना विदेशीलाई बेच्ने एजेन्ट र एसेट्सलाई पनि बाहिर पठाऔं, संसद्बाट हटाऔं । जतिसुकै शक्तिशाली होस्, देशको मन्त्री होस् वा पार्टीको महामन्त्री किन नहोस्,' लामिछानेले भने ।

लामिछानेले आफू कायर नभएकोले मुद्दासँग नडराउनेसमेत बताए । 'रास्वपा कायरहरूको पार्टी होइन । रवि लामिछाने कायर होइन । मिडिया ट्रायल हामीसँग चल्दैन । मलाई खेल्न र हार्न समस्या छैन । तर खेल फेयर हुनुपर्छ । झूठा मुद्दासँग म डराउँदिन,' लामिछानेले भने ।

गृहमन्त्री लामिछानेले सांसद रामहरि खतिवडाको 'रोलेक्स घडी' प्रकरणसमेत उक्याएका थिए। २०७३ सालमा पूर्वसेनापति छत्रमानसिंह गुरुङको छोराको रोलेक्स घडी चोरी भएको प्रसंगमा खतिवडाको नाम मुछिएको थियो। यसैगरी लामिछानेले कांग्रेस सांसद टेकबहादुर गुरुङमाथि पनि प्रश्न उठाए। 'भृकुटीमण्डपस्थित फनपार्कको जग्गा सस्तोमा भाडामा दिएर भ्रष्टाचार गरेको मुद्दामा कांग्रेसका सांसद, मैले नाम नै लिनुपर्छ, किनभने प्रमाणित भइसकेको छ । कांग्रेसका सांसद टेकबहादुर गुरुङ निलम्बनमा परेका थिए । तर, २०८० चैत १९ गते निलम्बन फुकुवा भए,' उनले भने। लामिछानेले आफूलाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्रीको 'अफर' गरेकोसमेत दाबी गरे । 'म गृहमन्त्री हुन नैतिक रूपमा नमिल्ने भए प्रधानमन्त्री बन्नचाहिँ कुन नैतिक रूपले मिल्ने रहेछ । अफर गर्नेहरूले कान रातो पार्नु पर्दैन । म राजनीतिमा गोपनीयतालाई ख्याल राख्ने मान्छे हो,' उनले भने ।

उनले कांग्रेस सभापति देउवाले मान्ने घटालथानमा आफू पनि पुगेको भन्दै त्यही थानलाई साक्षी राखेर जवाफ दिन देउवालाई चुनौती दिएका हुन् । 'हिजो मलाई डेढ वर्ष प्रधानमन्त्रीको रूपमा स्वीकार गर्ने अफरको डेट एक्सपायर भयो कि अझै बाँकी छ ? त्यसपछि म मेरो जवाफ दिउँला । यो कुराको जवाफ यही सदनमा उभिएर कांग्रेस सभापतिज्यूले दिनुभए मेरो लागि कल्याण हुने छ,' लामिछानेले भने, 'उहाँले असाध्यै मान्नुहुने घटालथानमा मैले पनि पाइला राख्ने अवसर पाएको छु । त्यही घटालथानलाई साक्षी राखेर भने हुन्छ- मेरा लागि त्यो अफर आएको थियो कि थिएन ?'

●●●

### गृहमन्त्रीको स्पष्टीकरण ...

आफूलाई सूचना बेचेको आरोप लागेपछि गगनले भने, 'सूचना बेचेको गृहमन्त्रीलाई थाहा रहेछ। म तेरो फाइल खोल्दिऊँ ? अनुसन्धान गर्दिऊँ ? मेरो गर्छु भन्छस् भने तेरो पनि गर्दिन्छु भन्दै हुनुहुन्थ्यो । अरे बाबा, गृहमन्त्रीले यस्तो भन्ला त ? गृहमन्त्रीले त धमाधम फाइल खोल्ने हो नि ! फाइल खोलेर देखाउनू, धम्क्याउने होइन ।'

थापाले आफूलाई समिति बनाएर छानबिन थाल्नसमेत चुनौती दिए। 'उहाँहरू अर्को एउटा कुरामा एकदम अल्मलिनुभएको पाएँ। यसमा पनि समिति, त्यसमा पनि समिति बनाउने भन्ने । गृहमन्त्री नै यसमा समिति, त्यसमा समिति बनाउँ भनिरहनुभएको छ। म भन्छु, ल बनाऔं । जुन-जुन विषयमा समिति बनाउँ भन्नुभएको छ । सबैमा बनाए हुन्छ । अनि के भन्नुभयो भने मेरो बारेमा बनाएको समितिमा म बस्नु पर्दैन। तपाईं बस्नै पर्दैन। तपाईंको काम एमालेले गर्छ। एमालेले सहकारी र तपाईंहरूले गिरीबन्धुको विषय नउठाउने समझदारी भएकै छ,' थापाले भने। गृहमन्त्री लामिछानेको स्पष्टीकरण बहकाउपूर्ण भएको र छानबिन समितिसँग डराएको देखिएको उनको तर्क थियो ।

'आफैं गृहमन्त्री हुँदै गर्दा त्यसको ओजलाई नबुझिकन होइन, बुझेर तर यसलाई बहकाउने प्रयास गर्नुभएको छ । यो सबै कुराबाट के प्रमाणित हुन्छ भने उहाँ संसदीय छानबिन समिति गठनबाट डराउनुभएको छ,' थापाले भने। सरकारले सहकारीको रकम अपचलनबारे छानबिन समिति गठन गर्ने आश्वासन दिएपछि विपक्षी दलहरूले लामिछानेलाई सदनमा बोल्ने मौका दिएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहालले आज सोमबार विश्वासको मत लिँदै छन्। समिति नबने सदनको कुनै काम कारबाही अब अघि बढ्न नदिने कांग्रेसले चेतावनी दिएको छ ।

### आरजुदेखि रेशमलाल...

बहुदल भएयता भने जग्गा वितरणमा मनपरी गरेको भेटिएको छ। खासमा समितिका अध्यक्षलाई एक व्यक्तिलाई घडेरी चार क√ा र खेत चार बिघासम्म वितरण गर्न सक्ने अधिकार दिइएको थियो । अध्यक्षको हैसियत मन्त्रीस्तरीय थियो। २८ भदौ २०२८ मा जारी भएको विकास समिति ऐन २०१३ को दफा ७ बमोजिम त्यस्तो अधिकार दिइएको नियमावलीमा उल्लेख छ । नियमावलीले टीकापुर क्षेत्रमा दुई हजार १७३ बिघा जग्गा विभिन्न काममा प्रयोग गर्ने उद्देश्य राखेको थियो।

त्यसमध्ये एक हजार बिघामा कृषि फार्म खोली यान्त्रिक खेती गर्ने, ८०० बिघा सुकुम्बासी, किसान परिवारलाई वितरण गर्ने, ३७३ बिघा नदीनाला संरक्षण गरी बाटो बनाउने र नगर बसाउने लक्ष्य थियो । उक्त नियमावलीमा नगर बसाउँदा प्रत्येक परिवारलाई चार-चार क√ाका दरले प्रतिस्पर्धा गराएर जग्गा बिक्री वितरण गर्ने, नगर क्षेत्रको मूल्य सरकारले तोक्ने र अन्य क्षेत्रको जग्गाको मूल्य प्रतिप्लट एक हजार रूपैयाँ तोकिएको थियो। यही प्रावधानलाई टेकेर जग्गा हिनामिना भएको हो।

हालसम्म समिति अध्यक्ष १५ जना भएका छन् । बहुदल स्थापनापछि हिनामिना बढी देखिएकोमा २०६४ पछि त झन नक्कली कागजात खडा गर्दै हिनामिना गर्ने क्रम ह्वात्तै बढ्यो । यसरी पछि अध्यक्षको अधिकार कटौती भयो। उनीहरूलाई जग्गा बाँड्न पाउने पुरानो अधिकार रहेन। अनि उनीहरूले नयाँ उपाय निकाले । पुराना अध्यक्षहरूको पालामा जग्गा बाँडेको पुष्टि हुने कागजात आगलागीमा परेर ध्वस्त भएकोले अब पुरानै मितिका नक्कली कागज बनाएर आफन्त, पहुँचवाला र दलका कार्यकर्तालाई जग्गा बाँड्न थालियो । त्यस्तोमा जग्गा पाउनेमा कांग्रेस, एमाले, माओवादी र नागरिक उन्मुक्ति पार्टीका स्थानीय नेता कार्यकर्ता र पहुँचवाला व्यक्तिहरू छन् । उनीहरूको सिको गरेर विभिन्न पेसा-व्यवसायमा लागेका स्थानीय व्यक्तिहरूले समेत जग्गा हडपेका छन् । यसमा साथ भने कर्मचारीको देखिएको छ ।

राप्रपाका पूर्वनेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भएका बेला मन्त्रीसरहको सेवासुविधा पाउनेगरी २०५३ सालमा नैनबहादुर स्वाँर टीकापुर विकास समितिको अध्यक्ष भएका थिए । उनले २०५५ सालसम्म समितिको अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । त्यसबेला कांग्रेस केन्द्रीय सदस्य तथा सांसद डा. आरजु राणा देउवालाई समेत जग्गा उपलब्ध गराइएको भेटिएको छ। १३ वैशाख २०५४ मा उनले दिएको निवेदनका आधारमा त्यसको दुई दिनपछि १५ वैशाख २०५४ मा आरजुले टीकापुर नगर विकास समितिबाट तीन क√ा सात धुर घडेरी लिएको कागजातबाट देखिन्छ । आरजुको घडेरी हाल टीकापुर नगरपालिका वडा नं. १ मा पर्ने बसपार्क नजिकै मूल सडकमा पर्छ । वडा कार्यालयका अनुसार, उक्त जग्गाको गत वर्षसम्मको कर दाखिल भएको छ ।

यसैबीच नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष एवं भूमिसुधारमन्त्री रञ्जिता श्रेष्ठका श्रीमान् रेशमलाल चौधरीले यहाँ जग्गा लिएको भेटिएको छ । रेशमले फूलबारी टेलिभिजनको नाममा सप्तऋषि स्कुलसँगै जोडिएको पाँच क√ा जग्गा प्रतिक√ा ४५ हजारका दरले लिएका थिए । जबकि, त्यहाँ रेशमले जग्गा लिएको बेला त्यस क्षेत्रमा जग्गाको मूल्य प्रतिक√ा १८ लाख रूपैयाँमा किनबेच भइरहेको थियो । नगर विकास समितिले मिलेमतोमा नक्कली कागजपत्र बनाएर जग्गा बाँडफाँट गरेको थाहा पाएपछि रेशमले पनि २०६५ सालमा पत्रकारको पहुँच प्रयोग गरेर उक्त जग्गा लिएका हुन् । त्यसबेला गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्रीका रूपमा पुष्पकमल दाहाल थिए । उनले २०६५ को जेठ २० गते नेत्रप्रसाद जोशीलाई समिति अध्यक्ष नियुक्त गरेका थिए । त्यसपछि झलनाथ खनाल र खिलराज रेग्मी प्रधानमन्त्री भएको बेला २२ चैत २०६७ मा एकपटक र १७ वैशाख २०६९ मा अर्कोपटक ललित ताम्राकार अध्यक्ष नियुक्त भएका थिए । यी दुई अध्यक्षको पालामा सर्वाधिक धेरै समितिको जग्गा व्यक्तिको नाममा पास भएको अख्तियारले प्रतिवेदनमा उल्लेख गरेको छ ।

●●●

### लोकतान्त्रिक एसोसिएसनका...

निर्वाचित सदस्यहरूमध्ये देवीप्रसाद र शालिकरामबाहेक सबै बस्याल प्यानलका उम्मेद्वार हुन् । उनको निकटतम प्रतिस्पर्धी कुवेरसिंह कोइराला (पंकज)ले ७४ मत ल्याए भने मोहनकुमार ढुंगेलले ६६ मत प्राप्त गरे । बस्नेतले बलिया उम्मेदवारहरूलाई पछि पार्दै नतिजा आफ्नो पक्षमा ल्याउन सफल भएको व्यवसायीबीच चर्चा चलेको छ ।सचिवमा तुलसीराम पुरी निर्वाचित भएका छन् । उनी १७२ मत पाएर निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धी विश्वास तिमिल्सिनाले ११६ मतमात्रै प्राप्त गरे । पुरी पनि बस्याल र अर्याल प्यानलका साझा उम्मेदवार हुन् । यस्तै सहसचिवमा राजकाजी भोलान (राज लामा) निर्वाचित भए। भोलान १६३ मत ल्याएर निर्वाचित भएका हुन्। उनकी प्रतिस्पर्धी निलम केसीले १३० मत प्राप्त गरिन्।

कोषाध्यक्षमा हिमा गुरुङ १८३ मत पाएर विजयी हुँदा उनकी प्रतिस्पर्धी गोमा गिरी क्षेत्री (अञ्जु)ले १०४ मत प्राप्त गरिन् । सहकोषाध्यक्षमा लिलबहादुर तामाङ निर्वाचित भए। उनी १६१ मत पाएर विजयी हुँदा उनका प्रतिस्पर्धी यमबहादुर क्षेत्री केसीले १२९ मत प्राप्त गरे । सदस्यमा देवीप्रसाद गिरी, शालिकराम अधिकारी, दीपककुमार राय, सौरभ आचार्य, विद्यालक्ष्मी बज्राचार्य, अभिनयमान सिंह बस्नेत, राजेश्वर यादव, सविताकुमारी सिंह, रोशना निरौला र महेशकुमार श्रेष्ठ निर्वाचित भएका छन् ।


## राजश्री से.ए.क्रे.को.सो.लि., प्रधान कार्यालय मलंगवा, सर्लाहीको

गैर बैकिङ्ग (सकार) सम्पत्ति बिक्री गरिने

### शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/०७**

यस संस्थाको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको स्वामित्वमा रहेको तपशिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री हुने भएकोले लिन चाहने व्यक्ति/संस्थाले आफूले दिने मूल्य समेत खुलाई निम्न शर्तहरुको अधिनमा रही मिति :- २०८१/०३/०४ गते सम्ममा यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | हालको जग्गाधनीको नाम | पूर्व जग्गाधनीको नाम | जग्गाको विवरण | जग्गाको न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १. | राजश्री से.ए.क्रे.को.सो.लि. मलंगवा, सर्लाही | रामफुल देवी | जि.सर्लाही सिमरा वार्ड नं. ४ कि.नं. २३, क्षेत्रफल ०-०-१२ | १०,६७,०००/- अक्षरेपि रु. दश लाख सतसट्ठी हजार मात्र । |
| २. | राजश्री से.ए.क्रे.को.सो.लि. मलंगवा, सर्लाही | इब्राहीम कवारी | जि.धनुषा लगमागढा गुठी वार्ड नं. क्रमशः ४/५/४/५ कि नं. क्रमशः ३६८/७८५/३७८/७८४, क्षेत्रफल क्रमशः ०-०-१०/०-०-१-१२/०-१-१/०-१-१ | ३४,२५,०००/- अक्षरेपि रु. चौंतिस लाख पच्चीस हजार मात्र । |

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र (शिल टेण्डर) फारम रु.२५०/- मा यसै संस्थाको प्र.का. मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिने छ ।
२. रीत नपुगेको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
३. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने अधिकार यस संस्थाको संचालक समितिमा सुरक्षित रहने छ ।
४. आफूले दिन चाहेको मूल्य अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ ।
५. संघ संस्थाको हकमा संस्थाको छाप अख्तियारनामा र निज अख्तियारवाला कर्मचारीको दस्तखत अनिवार्य हुनु पर्दछ ।
६. शिल टेण्डर र खाममा लाहा छाप समेत लगाई दिनु पर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ दिन भित्र दाखिला गरि जग्गा नामसारी गराई सक्नु पर्नेछ ।
८. टेण्डर साथ आफूले दिन चाहेको मूल्यको न्यूनतम १० प्रतिशत रकम यसै संस्थाको नाउँमा रहेको लक्ष्मी बैंक लि. मलंगवा शाखाको खाता नं.१२८११०००९९१ मा दाखिला गरि सो को सक्कल बैंक भौचर रसीद टेण्डर साथ राखेको हुनु पर्नेछ ।
९. टेण्डर मिति :- २०८१/०३/०४ गते दिनको १० बजे देखि १२ बजे सम्म शिलबन्दी टेण्डर दर्ता गरिने र दिनको २ बजे यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा टेण्डर दाता र निजको साथै विभिन्न कार्यालयहरुको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
१०. टेण्डर दर्ता अथवा खोलिने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ ।
११. अन्य जानकारी चाहेमा यसै संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र आई बुझ्न सकिने छ ।



### नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०७/१४ मा दर्ता भएको **प्रा.लि. नं. १२७८२३** को **एक्टोस मल्टिपर्पोज कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/११/०५ मा दर्ता भएको **प्रा.लि. नं. २३४७६२** को **लक्ष्मी भिजन डेण्टल केयर होम प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/११/०२ मा दर्ता भएको **प्रा.लि. नं. २८३९३७** को **एम.वि. सुज सप प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### सिंगादेवी सा.व.उ.स बेलका नपा ६, ८ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०२/०७

यस समूहले नियामानुसार आव०७९/८० मा संकलन गरी समुहको घाटगद्दीमा रहेको को लट नम्बर १ को साल जातको थान ६५ को १०९६.८८ क्यू.फि काठ समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। बिस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।



### भूलसुधार गरिएको

मिति २०८१।०२।०६ गते प्रभाव दैनिकको पृष्ठ ५ मा प्रकाशित **मण्डनदेउपुर नगरपालिका**बाट जारी **इन्द्रावती नदी, चाखोला आशीखोला र ढाँडखोला थारखोलाको रोडा, ढुंगा गिट्टी बालुवाको संकलन तथा विक्री शुल्क उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना**मा ठेक्का सम्बन्धी विवरणको क्र.सं. १ को ठेक्काको विषय क्षेत्रमा मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्रको ईन्द्रावती नदी क्षेत्रबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित १३ वटा क्षेत्रबाट संकलन गर्ने अथवा संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) ९६०७७९.९ क्यू.फिट हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ।



### कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEAN.COM CLEANING SERVICE AND HOSPITALITY

पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT. No. 300982

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 5 | 1000 | ३६,९५७ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TZAMEER TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८१/०२/०८ | LT. No. 304993

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 7 | 0 | 1200 | ४३,३३० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Gypsum Carpenters | 5 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 4 | Painter | 3 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 5 | Plumber | 7 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 1500 | ५४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम इजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851073220, 9851196634, 9846061401
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXPRESS SERVICE CO FOR CONSUMER GOODS DELIVERY S.P.C.

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | LT. No.305064 | चलानी नं. ६०२१७६३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 27 | 0 | 135 | ५८,६८० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १३ गते (26th May 2024) मा हुनेछ ।

यो विज्ञापन LT No. 305064 मिति: २०८१/०२/०६ मा प्रकाशित हुनुपर्नेमा भूलवस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम इजाजत न. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARKWAY INTERNATIONAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 304566 | चलानी नं. ६०२१९४५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 20 | 0 | 1200 | ४३,३३० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Block Mason | 30 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Female Cleaner | 0 | 20 | 1000 | ३६,१०५ | | | | | | | |
| 4 | General Worker | 20 | 0 | 900 | ३२,४९५ | | | | | | | |
| 5 | Plaster Mason | 30 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 6 | Steel Welder | 20 | 0 | 1300 | ४६,९४० | | | | | | | |
| 7 | Water Proofing | 20 | 0 | 1300 | ४६,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: शिभम् ट्रेनिङ सेन्टर, दुर्गा चोक, जनकपुरमा मिति: २०८१ जेठ ९ गते (22 May 2024) मा हुनेछ ।
राम जानकी ट्रेनिङ सेन्टर, जेरो माइल, जनकपुरमा मिति: २०८१ जेठ १० गते (23 May 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ११ गते (24 May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOP QUALITY CARPENTRY & FLOORING CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | LT. No. 305005

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 2 | 0 | 900 | ३२,४९५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 4 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Steel Fixer | 4 | 0 | 1200 | ४३,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

SAAD OVERSEAS PVT.LTD.
श्रम इजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

# बिआरआई कार्यान्वयन योजना अन्तिम चरणमा




**काठमाडौं–** छिमेकी मुलुक चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसिटिभ (बिआरआई) कार्यान्वयन योजनासम्बन्धी लेखन अन्तिम चरणमा पुगेको छ। नेपालले यसमा दुई देशलाई उपयुक्त हुने समयमा हस्ताक्षर गर्ने भएको छ ।

उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले यहाँस्थित चिनियाँ राजदूतावासले आइतबार यहाँ 'नेपाल-चीन सम्बन्धको समीक्षा र उन्नत भविष्य' विषयमा आयोजना गरेको विचार गोष्ठीमा सो जानकारी दिँदै योजनाको कार्यान्वयनपछि यथार्थमा देख्न सकिने परिणाम आउने विश्वास व्यक्त गरे । दुवै देशले सन् १९१७ मे १२ मा बिआरआई ढाँचाभित्र द्विपक्षीय सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेका थिए ।

सो अवसरमा परराष्ट्रमन्त्री श्रेष्ठले जलवायु परिवर्तनको गलत असरविरुद्ध लड्नेलगायत साझा विकास प्रयासमा सँगै संलग्न हुनका लागि चिनियाँ राष्ट्रपति सी चिनफिङले अघि सारेको र संयुक्त राष्ट्रसंघमा गठित ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई) का मित्रहरूको समूहमा नेपाल पनि सहभागी हुने निर्णय गरिसकिएको जानकारी दिए । अर्को एक प्रसंगमा उनले भने, 'नेपाल चीनसँग कनेक्टिभिटी, पूर्वाधार विकास, कृषि, व्यापार, पर्यटन, लगानी, सूचना र सञ्चार प्रविधि तथा जनता जनताबीचको सम्बन्धलगायत महत्त्वपूर्ण क्षेत्रमा फराकिलो र गहिरो सहयोगका लागि प्रतिबद्ध छ ।'

नेपाली व्यापारीहरू चीनमा आफ्नो बजार खोज्न उत्सुक रहेकाले चीनबाट यसमा उच्चस्तरको सहयोग गरिने विश्वास व्यक्त गर्दै उनले नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सबभन्दा ठूलो स्रोत देश चीनको नेपालमा हुने लगानीमा पनि नेपालले आवश्यक सहजीकरण र सुरक्षा प्रदान गर्ने दृढता व्यक्त गरे । उनले नेपाल भ्रमण वर्ष २०२५ सफल पार्न दुवै देशमा परिणामुखी संयुक्त गतिविधि गर्न पनि आग्रह गरे ।

सो अवसरमा नेपालका लागि चिनियाँ राजदूत छन् सोङले नेपाल र चीनले एकापसमा विश्वास र सम्मान गर्ने तथा दुवैले आपसी चासोमा सहयोग गर्ने गरेको बताउँदै नेपालको ठूलो लगानीकर्ता र दोस्रो ठूलो व्यापारिक साझेदार चीनले दुवै देशका १४ नाका खोल्न लागेको जानकारी दिए ।

कार्यक्रममा नेपाली राजनीतिक दलहरूका तर्फबाट नेपाली कांग्रेसकी नेतृ तथा पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइराला, नेकपा एमालेका विदेश विभाग प्रमुख डा. राजन भट्टराई, नेकपा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य डा. विक्रम तिमिल्सिना, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता सगुनसुन्दर लावती, नेकपा एकीकृत समाजवादीका उपमहासचिव तथा पूर्वराजदूत प्रमेश हमाल, नेकपा मालेका महासचिव सिपी मैनाली र राष्ट्रिय सभाका पूर्वाध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपाल र चीनका राष्ट्रपति, प्रधानमन्त्री तथा उच्चस्तरका पदाधिकारीहरूबाट दुवै देशका भ्रमणका क्रममा भएका सन्धिसम्झौता एवं समझदारीहरू छिटो कार्यान्वयन गर्न र सम्पन्न गर्न तथा ढिला भएका परियोजना छिटो पूरा गर्न आग्रह गरे ।

कार्यक्रमका वक्ताहरूले बिआरआई परियोजना छिट्टै पहिचान गरेर कार्यान्वयनमा लैजान, दुई देशबीच व्यापार सन्तुलन कायम गर्न, सांस्कृतिक आदानप्रदान गर्न, जनता जनताबीचको सम्बन्ध वृद्धि गर्न, दुवै देशका विशेष नाम र शब्द तथा बौद्ध धर्मदर्शनबारेको बुझाइमा एकरूपता दिन, दुवै देशका सम्बन्धबारे सकारात्मक समाचार दिएर प्रेरणा जगाउन तथा लगानीमैत्री वातावरण प्रदान गर्नका लागि प्रतिबद्ध हुनुपर्नेमा जोड दिएका थिए । नेपाल-चीन मैत्री मञ्चका अध्यक्ष डा. कल्याणराज शर्माले गोष्ठीमा सहजीकरण गरेका थिए । *रासस*

# संरक्षणको प्रतीक्षामा खोकनाका पोखरी

**ललितपुर–** ललितपुर महानगरपालिका-२१ खोकनामा 'खा', 'गा', 'फङा' र 'कमल' गरी चारवटा पोखरी छन् । उचित संरक्षणको अभावमा ती दिनप्रतिदिन विरूप बन्दै गएका छन् ।

स्थानीय ७७ वर्षीय कृष्ण डंगोलले संरक्षणको अभावमा ती पोखरीको प्राकृतिक स्वरूप बिग्रिन थालेको बताए । उनले भने, 'यी पोखरी बाबुबाजेको पालामा निर्माण भएका थिए तर संरक्षण हुन नसक्दा पहिलोको स्वरूपमा छैनन् । कोही सुख्खा छन् भने केहीमा हिलोमात्रै छ । तरबारसमेत गर्न सकिएको छैन ।'

स्थानीय जगत डंगोल पनि यहाँका पोखरी संरक्षणका लागि स्थानीय तहले उचित योजना बनाउनुपर्ने बताउँछन् । बसपार्क छेउमा रहेको 'खा' पोखरी मिचेर फराकिलो बनाउने मनसायसहित छलफल चलिरहेकाले त्यसतर्फ सबै सचेत रहनुपर्ने उनको भनाइ छ । 'बसपार्क फराकिलो बनाउने वा नबनाउने भन्ने विषयमा छलफल जारी छ । बसपार्क पनि आवश्यक हो तर प्राकृतिक पोखरीको अस्तित्व जोगाउन पनि त ध्यान दिनुपर्‍यो । पोखरीलगायत यहाँका सम्पदा संरक्षणमा स्थानीय तह र सम्बद्ध पक्ष जागरुक हुनुपर्छ,' उनले भने ।

खोकना पर्यटकीय दृष्टिकोणले सम्भावित गाउँ भएकाले यहाँका पोखरी र परम्परागत तेल व्यवसाय बचाइराख्नुपर्ने स्थानीय सुरेश डंगोलको भनाइ छ । पोखरी भरणका लागि आवश्यक पानी ल्याउन बनाइएका राजकुलो पनि अतिक्रमणमा परेकाले पोखरी सुख्खा हुने समस्या रहेकाले त्यसको निरूपण गर्न ध्यान दिनुपर्ने बताए । उनले भने, 'पोखरीमा राजकुलोबाट पानी आउनुपर्ने हो तर आजभोलि आउनै छाडचो । पोखरी सुख्खा छन् । भएका पोखरीको संरक्षण गर्न सकिएको छैन । यसमा जिम्मेवार निकायको ध्यान जानुपर्छ ।'

स्थानीयवासीले कुनै काममा निस्कँदा बाटोमा दायाँबायाँ पोखरी हेरेपछि शुभसाइत हुन्छ भन्ने मान्यतासहित यहाँ पोखरी निर्माण गरिएका स्थानीय जगत् डंगोल बताउँछन् । त्यसैकारण बसपार्क छेउमा दायाँबायाँ खापोखरी र कमलपोखरी छन् । ललितपुर महानगरपालिका-२१ का वडाध्यक्ष रविन महर्जन तेल व्यवसायमा परिचित खोकनाका पोखरीलगायत अन्य ऐतिहासिक सम्पदा जोगाउन जरूरी रहेको बताउँछन् । ऐतिहासिक तोरी पेल्ने मिल, पोखरी, मन्दिर र परम्पराको जगेर्ना गरी पर्यटन प्रवर्द्धनमा जोड दिन वडा कार्यालयले योजना बनाइरहेको उनले बताए । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL GHUSSUN BLDG METALIC FACTORY LLC

पुर्व स्वीकृति मिति २०८१/०२/०६ | LT No.304882 | चलानी नं.६०२१९९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 5 | 0 | 900 | ३२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1592/079/080

**Star Bridge HR Solution Pvt.Ltd.**
Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160
E-mail: starbridgehrsolutan124@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पूर्व स्वीकृति मिति: २०८१/०२/०६ | LT. No. 305007 | चलानी नं. ६०२१९८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 100 | 0 | 1200 | ४३,३३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 100 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Steel Fixer | 100 | 0 | 1200 | ४३,३३० | | | | | | | |

कम्पनी : ONTIME MANPOWER SUPPLY

पूर्व स्वीकृति मिति: २०८१/०२/०४ | LT. No. 305013 | चलानी नं. ६०२१९७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 800 | २८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६५२/०८०/०८१

**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, yovant1652@gmail.com



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ATLANTIS THE PALM HOTEL AND RESORT, UAE
कम्पनी : एट्लान्टिस द पाल्म होटल एण्ड रिसोर्ट, युएई

Pre Approval Date : 2024-05-09 | LT. No. 304266 | चलानी नं. ६०२१९२५०
पूर्व स्वीकृति मिति : २०८१/०१/२७ | एल टि नं. ३०४२६६ | Invoice No. 60219250

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 15 | 5 | 1493 | ५४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chamberman/chambermaid/housekeeping Attendent/room | 70 | 30 | 1400 | ५०,७४५ | | | | | | | |
| 3 | Clerk Assistant | 5 | 3 | 1620 | ५८,७१५ | | | | | | | |
| 4 | Cook General | 80 | 20 | 1395 | ५०,५६० | | | | | | | |
| 5 | Customer Service Agent | 25 | 15 | 1350 | ५०,५६० | | | | | | | |
| 6 | Life Guard | 30 | 10 | 1700 | ६१,६१५ | | | | | | | |
| 7 | Marine Officer | 5 | 5 | 1620 | ५८,७१५ | | | | | | | |
| 8 | Receptionist | 0 | 20 | 1680 | ६०,८९० | | | | | | | |
| 9 | Supervisor | 12 | 8 | 3000 | १०८,७३५ | | | | | | | |
| 10 | Waiter | 120 | 0 | 1350 | ५०,५६० | | | | | | | |
| 11 | Waitress | 0 | 50 | 1350 | ५०,५६० | | | | | | | |

अन्तर्वार्ता हुने मिति : २०८१ जेठ ८ गते अनलाइन मार्फत हुनेछ (The interview will be conducted online on 21st May, 2024)

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५०० /- रोजगारदाताले व्यहोर्ने — Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले व्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE — श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २२ जेठ १ गते २०८१ मा प्रकाशित **Vision & Value Overseas Pvt. Ltd.** को Lot No. **304266** को **Atlantis The Palm Hotel And Resort** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति** २०८१/०२/०८ **(May 21st, 3024)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/१२/०६ गते तारकेश्वर घर कम्पाउण्डबाट पार्किङ गरिराखेको अवस्थामा रातको समयमा Pulsar 200 CC NS, White रंगको बजाज मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**नाम :** कुमार तामाङ
**बाइक नं.:** बा .प्र.०३-०८९ प ९५०८
**च्यासिस नं.:** MD2A36FY4MCF39580
**इन्जिन नं. :** JCYCHF04487
**ठेगाना:** सुर्यगढी-३, नुवाकोट
**सम्पर्क:** ९८४६५११२१०

# Musikot Municipality
## Office of the Municipal Executive
### Musikot, Rukum (West)
### Karnali Province, Nepal

## INVITATION FOR ONLINE BIDS

***Date of Published : 2081.02.07 B.S. (2024.05.20 A.D.)***

Office of the Municipal Executive invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically, 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security | Account Details | Estimated Amount, NRs. (ExcludingVAT) |
|---|---|---|---|---|---|---|---|
| NCB/MM/Ruk. W/G. 1S1E_ 080/081/06 | Supply and Delivery of Sanitary Pads (Ultra Clear) as per Standard & Specifications | 3000.00 | 2081.03.06 B.S. 2024.06.20 A.D. | 2081.03.06 B.S. 2024.06.20 A.D. | 90000.0 | Internal Revenue : 07703000001001000001 Shirshak : 14229 Dharauti : 07703000003000000001 | 2674020.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेताकै मुद्दामा केन्द्रित संसद्

आगामी आर्थिक वर्षका लागि मुलुकको नीति तथा कार्यक्रम प्रस्तुत भएको सात दिन नाघिसक्यो । तर यसबारे सदनमा एकपटक पनि छलफल भएको छैन । यही छलफलबाट नीति तथा कार्यक्रमको त्रुटि वा राम्रा पक्षबारे निचोड निस्कने थियो । सदनमा यसबारे बहस भएपछि विज्ञ, सर्वसाधारणले पनि यसबारे चर्चा गर्थे । सरकारले बनाएका योजनामाथि बहस छेडिन्थ्यो ।

तर यसपटक न त यसबारे सदनमा बहस भयो न त जनता र विज्ञले यसबारे तर्क राखेको पाइयो । पाइयो त केवल सत्ता के हुन्छ र गृहमन्त्री रवि लामिछानेले के गर्लान् ? भन्ने जिखासा राखेको । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारीको रकम अपचलन गरेको आरोपमा गृहमन्त्री लामिछानेलाई सदनमा बोल्नै दिएन । यही प्रकरणमा कांग्रेसले दुई महिना सदनमा बोल्नै दिएनन् । यता संसदीय छानबिन समिति माग राखेको कांग्रेसका मुद्दामा सत्ता ढल्ने डरले सत्तारुढ दलले पनि कुनै सुनुवाइ गरेन । यद्यपि विपक्षी दलहरू लचक भइ गृहमन्त्रीलाई बोल्न दिएका छन् ।

लामिछानेले आफू सहकारी प्रकरणमा संलग्न नभएको भन्दै आफ्नो बचाउ गरे । बरु उनले प्रमुख प्रतिपक्षी दलमाथि विभिन्न आरोपहरू लगाउन भ्याए । यही दुई पक्षको चेपुवामा परेको संसद्मा अब प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिँदै छन् । आफूप्रति विश्वासको मत छ कि छैन भनेर प्रधानमन्त्रीले पटक–पटक प्रतिनिधिसभामा परीक्षण गरिसकेका छन् । जनता समाजवादी पार्टी, नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै दाहालले फेरि विश्वासको मत लिन लागेका हुन् । लामिछानेले स्पष्टीकरण दिएसँगै जनताको ध्यान अब कांग्रेसले के गर्लान् ? प्रधानमन्त्रीले विश्वासको मत पाएपछि के होला ? भन्ने प्रश्नतिर सोझिएको छ । सर्वसाधारण र विज्ञलाई बजेट र योजनाहरूको बारेमा कुनै ध्यान छैन, नेतालाई हुने कुरै भएन । यसरी पछिल्ला दिनहरू सदन नेताको मुद्दामा केन्द्रित हुन थालेको छ ।

सदन जनताको आवाज सुन्ने थलो हो । यहाँ जनताको दैनिकी, विकासका योजनामा भएका गतिरोध, जनताका समस्यामाथि समाधान निकाल्ने विषयमा छलफल हुनुपर्ने हो । करोडौं लगानी गरी निर्वाचित हुँदै आएका सांसदमाथि राज्यको करोडौं सम्पत्ति मासिक खर्च हुन्छ । तर ती सांसदहरू, नेताहरू आफ्नै पार्टीका नेताको बचाउमा उत्रन्छन् । सदन बन्धक राख्छन् । सत्तापक्ष पनि सदन बन्द गराउँदा मक्ख नै हुन्छन् । किनभने प्रश्नबाट भाग्न पाइन्छ । सदनलाई यसरी बन्धन राखेको विषयमा प्रतिपक्षी पनि गम्भीर नभएको देखिन्छ । यसैले अबका दिनमा सदनलाई नेता बचाउने थलो नभएर जनताको समस्याको समाधान निकाल्ने र कानुन बनाउने थलोका रूपमा विकास गरौं । नभए संसदीय व्यवस्थाप्रतिको वितृष्ण झन् बढेर जाने छ ।

## मननयोग्य

### विदुर नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे महाराज क्षमा चाहन्छु मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । क्रमशः

# सञ्चार तथा सूचना प्रविधिमा भएका सुधारहरू



▸▸ नेत्र सुवेदी 'प्रयास'

वि.सं. २०७६ मा तामझामका साथ सुरुआत भएको र अति नै महत्वपूर्ण विषय डिजिटल नेपाल फ्रेमवर्क हो । भारतमा सन् २०१५ मा सुरुआत भएको डिजिटल इन्डियाले सफलताको चुली चुमिरहँदा हाम्रो अवस्था भने अझै पनि कमजोर छ । खासगरी क्षेत्रगतरूपमा आठवटा विषय क्षेत्र र ८० वटा पहल समेट्ने यो फ्रेमवर्क भनेको सूचना प्रविधि क्षेत्रको केन्द्रीय कार्यढाँचाका रूपमा लिन सकिन्छ । नागरिक एपलाई व्यापक बनाउने विषयका साथै डेटाको सुरक्षासम्मका विषय पनि यसमै परेका छन् ।

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम साविकमा सूचना तथा सञ्चार मन्त्रालयले गर्दै आएका कार्यहरूमा सूचना प्रविधिको विषयसमेत थप गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय नामाकरण भएको थियो । मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत आमसञ्चार, सूचना प्रविधि, दूरसञ्चार, हुलाक सेवा, मुद्रण सेवा र चलचित्र गरी छ वटा क्षेत्र तथा मन्त्रालयबाहेक १८ वटा निकाय सांगठनिक जिम्मेवारीमा रहेका छन् । सूचना आदानप्रदान गर्नका लागि गरिने सबै खालका परम्परागत तथा आधुनिक तरिका र शैलीहरू सञ्चार तथा सूचना प्रविधिको दायरामा पर्दछन् । नेपाली शब्दकोषमा सूचना प्रविधि खोजेर भेटिँदैन । यसका लागि सूचना र प्रविधि शब्दलाई अलगअलग केलाउनुपर्दछ वा च्याटजिपिटी वा गुगलको सहयोग लिनुपर्दछ ।

सन् २००४ मा प्रकाशित एडवार्ड कर्निसको पुस्तक फ्युचरिङ द इक्स्प्लोरेसन अफ द फ्युचरमा संसारमा उथलपुथल ल्याउने केही विषयहरूमध्ये प्रविधिको उत्साहजनक प्रगतिलाई नम्बर एकमा राख्दै विभिन्न भविष्यवाणी प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा प्रक्षेपण गरेभन्दा अगावै कतिपय विषयहरू चरितार्थ हुँदै आएका पनि छन् । सूचना प्रविधिको युग भनेर चिनिने वर्तमान समयमा सूचना प्रविधिको विविध पक्षमा नीति, कानुन, पूर्वाधार तथा कार्यवातावरण तयार गर्ने जिम्मेवारी सफलतापूर्वक पूरा गर्नु पक्कै पनि चुनौतीपूर्ण पक्ष पनि हो ।

### सूचना तथा सञ्चार प्रविधि

मन्त्रालयले नेपाल सरकारले जारी गरेको सूचना प्रविधि नीति, २०७२ अनुरूप आफ्ना काम कारबाहीहरू अघि बढाउँदै आएको छ । यो बाहेक ब्रोडब्यान्ड नीति र फ्रिक्वेन्सी नीतिसमेत प्रयोगमा रहेकामा गत वर्ष फ्रिक्वेन्सी नीति पुनरावलोकन भई २०८० को नयाँ संस्करण जारी भएको छ । सूचना प्रविधिसँग सम्बन्धित भएर केही वर्षदेखि राष्ट्रिय सूचना तथा सञ्चार दिवस मनाइँदै आएको छ ।

'सुरक्षित सूचना प्रविधिः सुशासन र समृद्धि' भन्ने मूल सन्देशका साथ मे २ तदनुसार २०८० वैशाख १९ गते राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाइएको थियो । सोही दिवसको नयाँ संस्करणका रूपमा यो वर्ष 'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' भन्ने मूल सन्देशका साथ गत वैशाख २० गते मनाइएको छ । यी दिवसहरूले विभिन्न क्षेत्रमा रहेका सूचना प्रविधिका लागि योगदान गर्नेहरूको सम्मान गर्ने र सहकार्य गर्ने वातावरण तयार गर्दछ ।

सूचना प्रविधिको प्रयोगले सार्वजनिक क्षेत्रमा काम गर्ने शैली, ढाँचा, जनशक्तिको प्रारूप, संगठनमा प्रयोग हुने सामग्रीमा हलचल नै ल्याएको छ । एकीकृत सेवातर्फको यात्रा प्रारम्भ भइसकेको छ भने अनलाइन भुक्तानीमा चमत्कारिक रूपमा वृद्धि भएको छ । तथ्यांकलाई भण्डारण गरी पुनःप्रयोग गर्ने, पेपर भर्सनलाई डिजिटल भर्सनमा रूपान्तरण गरी अनलाइन सेवा सम्भव बनाउनेजस्ता काम सूचना प्रविधिकै कारण सम्भव भएको हो । इन्टरनेट र कम्प्युटरको संयोजनले गर्दा कार्यप्रवाहमा अभूतपूर्व परिवर्तन आएको छ । यो संयोजनलाई 'साइबर स्पेस' भनिन्छ र साइबर स्पेस बढ्नु आफैंमा आधुनिक स्रोतमाथि पहुँच पनि हो । त्यसो त साइबर अपराध हुन सक्ने घेरा फराकिलो हुँदै गएकाले त्यस्ता अपराधबाट सुरक्षणका लागिसमेत तयारी गर्नुपर्ने, सजगता अपनाउनुपर्ने र राज्यको तर्फबाट समग्र प्रयोगकर्ताको हितका लागि अग्रसर हुनुपर्ने जिम्मेवारी पनि थप भएको छ ।

सूचना प्रविधि संलग्न हुने काम कारबाहीको नियमन, शिक्षा, सचेतनाका माध्यमबाट प्रविधिको प्रयोगलाई सिर्जनात्मक र सुरक्षित बनाउने, सूचना प्रशोधन र प्रवाह गर्ने, डिजिटल साक्षरतालगायतका विषय पनि मन्त्रालयको जिम्मेवारीमा पर्दछन् । यसबाहेक पनि सामाजिक सञ्जालको व्यापक प्रयोग र सामाजिक अन्तरक्रिया तथा घटनाक्रम पनि प्रभावित भएको सन्दर्भमा सोको नियमनका लागि निर्देशिका कार्यान्वयनमा आएको र कानुन निर्माणका लागि विधेयक मन्त्रिपरिषद् पेस हुने क्रममा रहेको छ ।

सेवा प्रवाह गर्नुअघि सेवाग्राहीको विवरण प्राप्त गरी सो विवरणलाई आवश्यक पर्दा अद्यावधिक गर्न मिल्नेगरी सुरक्षित राख्ने, पुनःप्रयोग गर्ने मोडमा राख्ने, गोपनीयता कायम गर्ने र सेवाग्राहीको पहिचान यकीन भएपश्चात् मात्र उसलाई सेवा उपलब्ध गराउने प्रयोजनका लागि उसकै अनुमतिमा प्रयोग प्रशोधन वा सम्पादन गर्नुपर्ने हुन्छ । यहाँनेर नै सूचना प्रविधिको सही र सुरक्षित प्रयोग वाञ्छित हुन आउँदछ । यसै सन्दर्भमा सबै सरकारी कार्यालयमा लागू गर्ने गरी सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली प्रयोग प्रारम्भ भएको छ । यो प्रणालीमा थप परिस्कृत गर्न आवश्यक भएता पनि खासगरी कार्यालयमा आवश्यक पर्ने दर्ता चलानी टिप्पणी र पत्राचारलगायत विषय समेटेर यो प्रणाली तयार भएको छ र ४० भन्दा बढी केन्द्रीय कार्यालयहरूमा प्रयोगमा पनि छ । वर्तमान मुख्यसचिव वैकुण्ठ अर्यालको अगुवाइमा यो प्रणालीको विकास र प्रयोगमा बिस्तार भएको कुरा छिपेको छैन ।

वि.सं. २०७६ मा तामझामका साथ सुरुआत भएको र अति नै महत्त्वपूर्ण विषय डिजिटल नेपाल फ्रेमवर्क हो । भारतमा सन् २०१५ मा सुरुआत भएको डिजिटल इन्डियाले सफलताको चुली चुमिरहँदा हाम्रो अवस्था भने अझै पनि कमजोर छ । खासगरी क्षेत्रगतरूपमा आठवटा विषय क्षेत्र र ८० वटा पहल समेट्ने यो फ्रेमवर्क भनेको सूचना प्रविधि क्षेत्रको केन्द्रीय कार्यढाँचाका रूपमा लिन सकिन्छ । नागरिक एपलाई व्यापक बनाउने विषयका साथै डेटाको सुरक्षासम्मका विषय पनि यसमै परेका छन् । यसको प्रभावकारी कार्यान्वयनका लागि डिजिटल नेपाल परियोजनाका लागि विश्व बैंकले समेत ऋण लगानी गर्ने तयारी भइरहेको छ । केही कामहरू भएका छन् तर धेरै गर्न बाँकी छ ।

राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी भई सो अनुसार साइबर सुरक्षासम्बन्धी कानुनको मस्यौदा एवं राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । साइबर हाइजिनका सूचना जारी गर्नाका साथै विभिन्न निकायबाट साइबर सुरक्षा सम्बन्धमा सन्देश प्रवाह र डिजिटल शिक्षामा जोड दिइएको छ । सरकारी सूचना प्रविधि प्रणालीको जोखिम अनुगमनका लागि सेक्युरिटी अपरेसन सेन्टरको सञ्चालन हुँदै आएको छ । मन्त्रालयले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धमा अवधारणापत्र तयारीलाई अन्तिम चरणमा पुऱ्याएको छ भने सूचना प्रविधिसँग सम्बन्धित खासगरी सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, सामाजिक सञ्जाल नियमन विधेयक, दूरसञ्चार विधेयकको मस्यौदा तयारी सुझाव संकलन गरी कतिपय विधेयक सहमति प्राप्त गर्ने चरणमा रहेका छन् । दूरसञ्चार क्षेत्रलाई थप व्यवस्थित गर्ने प्रयासस्वरूप पूर्वाधारको कभरेजका साथमा गुणस्तर वृद्धिमा जोड दिइएको छ ।

### आमसञ्चार

कुनै सूचना वा जानकारीको सञ्चार गरिनु प्रवाह गरिनु कम महत्त्वपूर्ण विषय हैन । यसमा आमसञ्चार माध्यमको भूमिका विगतदेखि नै प्रभावकारी रहँदै आएको छ । यसै क्रममा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै छातामुनि स्वतन्त्र र निष्पक्षरूपमा सञ्चालन गर्ने ध्येयका साथ सार्वजनिक प्रसारण सेवाको अवधारणाअनुसार कानुन निर्माणका लागि विधेयक संसद्मा अन्तिम चरणमा रहेको छ । त्यसैगरी, सञ्चारमाध्यमको गतिशीलतासँगै मिडिया काउन्सिल विधेयक तयार भई संघीय संसद्मा दर्ता हुने क्रममा रहेको छ ।

विगतदेखि मस्यौदा हुने तर निर्णयको चरणमा विविध कारणवश अलमलमा पर्ने गरेका कतिपय विधेयकउपर विज्ञ सञ्चारकर्मीहरू रहेको कार्यदल गठन गरी सुझाव प्राप्त गर्ने कार्यसमेत यसबीचमा भएको छ । त्यसैगरी सञ्चारसँग सम्बन्धित विषयमा संघ र प्रदेशबीच सम्भावित सहकार्यका सम्बन्धमा प्रदेशमा सञ्चार हेर्ने मन्त्रालयका मन्त्री तथा उच्च अधिकारीहरूसँग र छलफल हुनुका साथै कतिपय सन्दर्भमा प्रदेशमै पनि स्थलगतरूपमा कार्यक्रमहरू सम्पन्न भएका छन् । विधेयकको तयारी गर्दा वा कार्यक्रमहरू डिजाइन गर्दा संघीयताको मर्मलाई आत्मसात् गरिएको छ ।

दिवस र अवसरका क्रममा सञ्चार व्यवस्थापनलाई प्रभावकारी बनाउने पहल पनि भएका छन् । २०८० जेठ १५ गते प्रकाशित गणतन्त्रका १५ वर्ष नामक इन्फोग्राफिक पुस्तिका लोकप्रिय देखियो । त्यस्तै अन्य प्रकाशनहरू पनि भए । वेबसाइटलाई एकीकृत भर्सनमा सञ्चालन प्रारम्भ भएको छ । राष्ट्रिय प्रसारण नियमावलीमा संशोधन गरी ओटिटीलाई नियमनको दायरामा ल्याइएको छ । विज्ञापन चक्रका विषयहरू सम्बोधन हुनेगरी विज्ञापन नीतिको मस्यौदा अन्तिम चरणमा छ भने विज्ञापन नियमावली संशोधन भएको छ ।

मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न आयोजना हुने प्रेस मिटलाई व्यवस्थित गर्ने कार्य, वेवसाइटमा 'मिट योर मिनिस्टर' नामक अन्तरक्रियात्मक टचाबको प्रयोग, सरकारी सञ्चार संस्थाहरूको सबलीकरणका लागि निरन्तर संवाद र अनुगमन, चलचित्रका विविध क्षेत्रलाई पर्यटनसँग जोड्ने र संघीयताको मर्मअनुसार यो विषयलाई व्यापक बनाउनेगरी कार्यक्रमहरू कार्यान्वयनमा आएका छन् । चलचित्र जाँचसम्बन्धी कार्यलाई कार्यविधिबाट व्यवस्थित गरिएको छ । टेलिभिजन प्रसारणलाई आलाकार्टा प्रणालीमा लैजाने निर्णय भई सो अनुसार तयारीका कामहरू भइरहेका छन् । सबै सार्वजनिक सञ्चार माध्यममा समावेशी सामग्री तथा कार्यक्रम समावेश भएका छन् । पत्रकारितासँग सम्बन्धित गैरनाफामूलक संस्थाहरूको सबलीकरणका लागि प्रवाह हुँदै आएको अनुदानलाई थप व्यवस्थित गर्नका लागि कार्यविधि तयार गरी सार्वजनिक सूचना प्रकाशितसमेत भएको छ ।

### सुशासन तथा संस्थागत विकास

सुधारका लागि निरन्तरतामा क्रमभंगता पनि आवश्यक पर्दछ । स्वमूल्यांकन तथा विज्ञको समीक्षा पनि चाहिन्छ । यही मान्यताअनुसार कतिपय विषयमा कार्यदलमार्फत अध्ययन गरी समस्या समाधानका उपायहरूको खोजी गर्ने र समयक्रममा नीति तथा कार्यक्रमसँग आबद्ध गर्ने मोडलको प्रयोग मन्त्रालयले गरेको छ । अर्को महत्त्वपूर्ण विषय भनेको नीति तथा कानुनको मस्यौदा तयार गर्दा विज्ञ एवं सरोकारवालाको सहभागिता र सुझाव ग्रहण गर्ने शैली अवलम्बन गरिएको छ । यो बाहेक मन्त्रालयका महाशाखा तथा अन्तर्गतका निकायबीच नियमित संवाद, अनुगमन, छानबिन र सुधार पहल हुँदै आएका छन् । समयानुकूल संगठन निर्माण एवं पुनःसंरचनाका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई सूचना प्रविधि विभागअन्तर्गत ल्याइएको छ भने हुलाक संरचनामा आमूल परिवर्तन हुनेगरी हरेक स्थानीय तहमा हुलाक रहनेगरी यसको सेवा पुनःसंरचित गरिने भएको छ ।

मन्त्रालयमा हरेक आइतबार कार्यालय समय अगावै प्रारम्भ हुने उच्च व्यवस्थापन समूहको बैठकका अलावा क्षमता विकास कार्यशाला र संवाद शृंखला सिकाइ हस्तान्तरणका सेसनहरू सञ्चालन गर्ने गरिएको छ । अध्ययन र छानबिन गरी सुशासन स्थापनालाई प्रवर्द्धनका लागि पनि गरिएका पहल पनि चर्चामा आए । इन्टरनेट सेवा प्रदायकहरूको राजस्व बक्यौता, एनसेलको सेयर बिक्रीको सवाल, डेटा सेन्टरमा देखिएका समस्यालगायत विषय पनि अध्ययन भई सुधार कार्यसँग आबद्ध भएका विषय हुन् । मन्त्रालय मातहतका निकायहरूमा नेपाल सरकारबाट प्रवाह हुने अनुदानमा देखिएका केही कमीकमजोरीहरू सच्याएर अगाडि बढ्नुपर्ने देखिन्छ ।

### अन्त्यमा

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी पाउने मन्त्री नेपाल सरकारको प्रवक्तासमेत हुने प्रचलन नै छ । समयमै सही सूचना सम्प्रेषण र नीति समन्वयमा प्रवक्ताको भूमिकाले सरकारको गुणवेत्ता बढाउँछ । यसै सन्दर्भमा विगत एक वर्षमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देखिने खालका सुधारका पहलहरू गरेको निश्कर्षमा पुग्न सकिन्छ । सुधारको निरन्तरता र गतिशीलताले मात्र परिवर्तनलाई दिगो र संगठनात्मक उपलब्धिलाई प्रभावकारी बनाउँदछ । आगामी आर्थिक वर्षदेखि १६औं योजनासमेत प्रारम्भ हुने सन्दर्भमा डिजिटल रूपान्तरणको विषयले प्राथमिकता पाउनुपर्ने र तीव्ररूपमा बिस्तार भइरहेको साइबर स्पेसको सुरक्षा र सही प्रयोगतर्फ सबैको सहयोग आवश्यक पर्ने देखिन्छ । *रासस*

*(लेखक नेपाल सरकारका सहसचिव हुन्)*

## पत्र-मञ्जुषा

# विकासमा असमानता कहिलेसम्म ?

विकासमा सबै नागरिकको समान पहुँच हुनुपर्दछ । जुनसुकै जिल्ला भए पनि सबैतिर सराबरी विकास हुनुपर्छ । तर, राज्यले विकासमा विभेद गरिरहेको पाइन्छ । जबकि हरेक जिल्लाबासीले सरकारलाई कर तिरिरहेका छन् । तर, विकासको पहुँच भने सबैतिर समान छैन ।

करचाहिँ लिने तर सेवासुविधा नदिने । जति पनि विकास गर्नुछ, काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्र गरिएको छ । बाँकी ७४ जिल्ला हेरेको हेर्‍यै । यद्यपि, राजस्वमा त सबै जिल्लाका नागरिकको योगदान छ । अझ दुर्गममा बस्नेहरू सरकारलाई बढी राजस्व तिर्न बाध्य छन् ।

तर, तिनै जनतामाथि विकासमा भेदभाव गरिएको अवस्था छ । जसका कारण काठमाडौंमा थुप्रिनेको संख्या ह्वात्तै बढेको छ । हालै मात्र मुगुको जिल्ला अस्पतालमा सिटामोल नपाएको समाचार बाहिर आएको छ । सरकारले दुर्गमका जनतालाई कति अपहेलना गरेको ? न शिक्षा न स्वास्थ्य ।

कतिपय जिल्लामा अहिले पनि बाटोघाटो पुग्न सकेको छैन । सरकारले विदेशी ऋण ल्याउँछ, काठमाडौं उपत्यकामा खन्याउँछ । तर, ऋणको भारी बोक्ने सबै जिल्लाका जनता हुन् । अन्य जिल्लामा सरकारले बजेट नै दिँदैन । सरकारले काठमाडौं उपत्यका मात्र नेपाल हो, यहाँका जनता मात्र नेपाली नागरिक हुन्जस्तो गर्छ ।

अन्य जिल्लाका जनतालाई सरकारले फर्केरसमेत हेरेको छैन । यसले गर्दा सहर भरियो, गाउँ रित्तियो । सबै जिल्लामा समान विकास गरिदिएको भए, आज काठमाडौंमा थुप्रिनेको संख्या यसरी बढ्दैनथ्यो । गाउँमा स्कुल छ, शिक्षक छैन । स्वास्थ्य चौकी छ, सिटामोल पाइँदैन । बिरामीले साह्रै च्यापेमा डोकोमा हालेर घण्टौंको बाटो हिँडेर अस्पतालसम्म पुऱ्याउनुपर्छ ।

जसले गर्दा काठमाडौंमै सानोतिनो काम गरेर खाउला भनेर यहाँ आउनेको संख्या ह्वात्तै बढ्यो । कोठा लिनेको संख्या बढेसँगै घर बनाउने बढे । खेतीयोग्य जमिन मासेर धमाधम घर बनाइयो । अहिले काठमाडौं घरैघरको सहर बनेको छ । यता, गाउँ भने रित्तिँदै गएको छ । जमिनहरू सबै बाँझै छन् । देशमा पटकपटक राजनीति परिवर्तन भयो । अहिले जुन व्यवस्था मुलुकमा छ, त्यो ल्याउन ७७ जिल्लाकै जनताले संघर्ष गरेका छन् । विडम्बना, तिनको संघर्ष खेर गयो । किनकि विकासमा मूल उपत्यकामा मात्र फुट्यो, अन्यत्र फुटेन । राजनीतिक परिवर्तनको फाइदा उपत्यकाबासीलाई मात्र भयो ।

पाँच सय नपर्ने कोठाबाट १० हजार असुल्न पाइयो । आनाको पाँच हजार नजाने जग्गा लाखौंमा खरिदबिक्री हुन्छ । अरू के चाहियो ? यतिसम्म विभेद गरिएको छ कि यहाँका जनताको गेटभित्र पनि सरकारले नै पिच गरिदिन्छ । पानीको धारा पनि घरघरमा दिएको छ । बत्ती, फोन, टेलिफोन, इन्टरनेटको सुविधा छ ।

फोहोर उठाउन घरघरमा आउँछन् । राज्यले यहाँका जनतालाई हरेक सुविधा दिएको छ । जबकि कतिपय जिल्लामा एक ग्रागी लिन राति नै उठेर हिँड्नुपर्ने बाध्यता छ । बत्ती नपुग्दा अन्धकारमा बाँचिरहेका छन्, त्यहाँका जनता । न पुल बनेको छ । जसका कारण ज्यानकै बाजी राखेर तुइनमार्फत ओहोरदोहोर गर्नुपर्ने बाध्यता छ ।

सरकारले जुम्लाका जनता पनि नेपाली हुन् भन्ने सोच्नुपर्दैन ? दुर्गमका जनताको अवस्था कस्तो छ ? राज्यले देखेको छैन । ७४ जिल्लाका सांसदले अब तीन जिल्लामा दिने बजेट कटौती गर्नुपर्छ भनेर सदनमा आवाज उठाउनुपर्छ । सांसदको काम जनताको आवाज उठाउनु हो, आवाज उठाउन नसक्ने सांसद के काम ?

**– रामचन्द्र श्रेष्ठ, ओखलढुंगा**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ग्रामीण सडक कालोपत्र भएपछि दैनिकी सहज बन्दै

**ढोरपाटन (बागलुङ)–** कुश्मिसेर १-बरेङ सडकअन्तर्गत पर्छ राङ्खानी गाउँ । यस गाउँमा दुई वर्ष अगाडिसम्म बर्खामा हिलो र हिउँदमा धुलो उडाउँदै गाडी गुड्थे । दक्षिण बागलुङको मेरुदण्डका रूपमा रहेको यो सडक अहिले कालोपत्र भएको छ । ग्रामीण सडक कालोपत्र भएपछि हिजोआज गाउँमा छुट्टै रौनक छाएको छ ।

स्थानीयको दैनिकीसमेत सहज बन्दै गएको छ । वि.सं. २०६५ देखि ट्र्याक खुलाउन सुरु गरेर वि.सं. २०७० मा बरेङसँग जोडिएको यो सडक तीन खण्डमा स्तरोन्नति र कालोपत्र गर्न थालिएको हो । जैमिनी नगरपालिकाको केन्द्र कुश्मिसेरादेखि देवलधारासम्मको पहिलो खण्डको जिम्मा पाएको निर्माण व्यवसायी क्याराभान कन्स्ट्रक्सन लामो समय सम्पर्कविहीन बनेपछि अहिले बल्ल काममा फर्किएको छ । दोस्रो खण्ड राङ्खानी देवलधारादेखि बरेङ गाउँपालिका-१ लिउवासम्मको खण्ड कालोपत्र भइरहेको छ ।

अघिल्लो वर्षदेखि कालोपत्र थालिएको दोस्रो खण्ड यस वर्ष सकिँदै छ । राङ्खानीदेखि बरेङसम्मको ११ किलोमिटर सडक पूर्वाधारसहित कालोपत्र गर्नका लागि २०७८ साउनमा दुई वर्षमा कालोपत्र र घुम्ती सडकमा ढलान गर्नेगरी ३४ करोड २५ लाख ३६ हजार रूपैयाँमा रौताहखानी/धुलिखेल जेभीसँग ठेक्का सम्झौता गरिएको थियो ।

गत वर्ष सात किलोमिटर सडक कालोपत्र र ढलान गरिसकिएको थियो भने यस वर्ष चार किलोमिटरको काम हुँदै छ । हालसम्म तीन किलोमिटर सडक कालोपत्र भइसकेको र एक किलोमिटर सडकमा काम गर्न बाँकी रहेको छ । उक्त सडक एक महिनामै सकिने पूर्वाधार विकास कार्यालयका इञ्जिनियर प्रकाश श्रीसले बताए । बरेङ-१ लिउवादेखि अर्को खण्डका लागि नयाँ ठेक्का खुलाइएको उनको भनाइ छ । लिउवादेखि बरेङ बजारसम्मको सात किलोमिटर सडक कालोपत्रका लागि २० करोड रूपैयाँको ठेक्का आह्वान गरिएको इञ्जिनियर श्रीसले जानकारी दिए ।

इञ्जिनियर श्रीसले भने, 'राङ्खानी क्षेत्रमा कालोपत्र भइसकेको छ, अघिल्लो र यो वर्ष गरी ११ किलोमिटर सडक कालोपत्र भएको छ, यो दोस्रो खण्ड हो, पहिलो खण्डमा लामो समय काम भएको थिएन, अहिले निर्माण कम्पनी काममा फर्किएको छ, तेस्रो खण्ड सात किलोमिटर पर्छ, त्यसका लागि नयाँ ठेक्का खोलिएर मूल्यांकनको चरणमा छौं, केही समयमै तेस्रो खण्डको पनि काम सुरु हुने छ, राङ्खानी खण्डको एक किलोमिटर बाँकी छ, अहिले धमाधम काम भइरहेको हुँदा एक महिनामै सकिन्छ ।'

बर्खाको समय राङ्खानी र बरेङ पुग्नका लागि निकै समस्या थियो । गाउँको सडक कालोपत्र भएपछि स्थानीयमा खुसी छाएको छ । सडक कालोपत्र भएपछि पालिकाको केन्द्र कुश्मिसेर १सहित, बागलुङ, पोखरालगायका स्थानमा पुग्न सहज भएको जैमिनी-१० राङ्खानीका दलबहादुर श्रीसले बताए । यो सडक खुलेको दशकभन्दा बढी हुँदा बल्ल कालोपत्र भएको भन्दै पक्की सडकले गाउँलेको जनजीवन फेरिने उनले बताए । सडक कच्ची हुँदा यात्रा र सामान ढुवानीमा निकै समस्या भएको स्मरण गर्दै अहिले घरै अगाडिको सडक कालोपत्र हुँदा विकासको अनुभूति भएको उनको भनाइ छ । सडक कालोपत्र भएपछि बजार जान-आउन पनि चाँडो भएको श्रीसले बताए ।

'कच्ची सडकमा गाडी दगुर्दा धुलो सबै घरभित्रै आउँथ्यो, बजार झर्न पर्‍यो भने गाडीले झ्याक्दा शरीर दुख्ने समस्या, भाडा बढी तिर्नुपर्ने अवस्था थियो, अहिले सडक कालोपत्र भएपछि यात्रा गर्न निकै सहज भएको छ,' श्रीसले भने, 'पहिले घण्टौं लगाएर पुग्ने ठाउँमा अहिले एकै छिनमा पुग्न सकिन्छ, गाउँमा विस्तारै विकास आउँदै छ, आजभन्दा १०/१५ वर्ष अगाडि विकट जस्तै थियो यो ठाउँ अहिले हेर्दाहेर्दै सुगम बन्न थाल्यो, माथिपट्टीको सडक कालोपत्र भइसक्यो, तलतिरको अझै भएको छैन, सरोकारवाला निकायले कडाइ गरे त्यो खण्ड पनि चाँडै कालोपत्र हुने थियो ।'

जैमिनीका नगर उपप्रमुख हरिहर शर्माले गाउँमा पुगेको कालोपत्र सडकले स्थानीयलाई आयआर्जनसँग जोड्ने बताए । यो सडकले जैमिनीको राङ्खानीलगायत अन्य गाउँलाई जोडेको हुँदा अब यहाँ उत्पादन हुने वस्तु सहजरूपमा बजार पुर्‍याउन सकिने उनको भनाइ छ । सडकको ट्र्याक खुलाउँदा यस क्षेत्रका नागरिकले ठूलो योगदान पुर्‍याएको भन्दै अब यातायातमा समस्या भोग्नु नपर्ने उपप्रमुख शर्मा बताउँछन् । पहिलो खण्डमा पनि निर्माण कम्पनी काममा फर्किएको हुँदा नगरपालिकाले समयमै काम सक्नका लागि ताकेता गरिरहेको उनको भनाइ छ ।

उपप्रमुख शर्माले भने, 'गाउँमा विकास पुग्दै छ, यो सडक निर्माण भएको लामो समयपछि कालोपत्र भयो, अझै केही खण्डमा कालोपत्र गर्न बाँकी छ, अब गाउँबाट आउने गाडी रित्तो आउने छैनन्, गाउँमा उत्पादन भएका हरेक वस्तु बजारमा पुग्ने छन्, नागरिक उत्पादनसँग जोडिने छन्, त्यसका लागि नगरपालिकाले पनि सहजीकरण गर्ने छ, यात्रा गर्न निकै कठिन थियो, अहिले ११ किलोमिटर सडक कालोपत्र भयो, बाँकी अन्य खण्डको पनि काम सकियो भने बरेङदेखि बागलुङसम्म नै पक्की सडक बन्ने छ ।' *रासस*

# न्यायिक समिति सशक्त बनाउनुपर्नेमा जोड

**कञ्चनपुर (प्रस)–** स्थानीय तहमा उपप्रमुखको नेतृत्वमा रहेका न्यायिक समितिलाई मजबुत बनाई नागरिकका समस्या एवं न्याय निरूपण गर्नुपर्ने सरोकार भएकाहरूले जोड दिएका छन् । राष्ट्रिय महिला आयोगले आइतबार कञ्चनपुरको महेन्द्रनगरमा स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवालाबीच अन्तर्क्रिया गरेको थियो । उक्त अन्तर्क्रियामा न्यायिक समितिका संयोजकलाई आवश्यक जनशक्ति वृद्धि गरी कार्यविधि सच्याएर जिम्मेवार बनाउनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका हुन् ।

कार्यक्रममा पुनर्वास नगरपालिकाकी उपप्रमुख एवं न्यायिक समितिकी संयोजक भुलियाकुमारी रानाले चालु आर्थिक वर्षमा समितिमा आएका १४१ मुद्दा निरूपण गरिएको जानकारी दिइन् । न्यायिक समितिमा थुप्रै चुनौती रहेको बताउँदै रानाले मेलमिलापकर्ताको सक्रियता आवश्यक रहेको बताइन् । 'गाउँघरका सामान्य विवाद, झगडा मिलाउन वडा तहसम्म समितिलाई सक्रिय बनाउनुपर्छ,' उनले भनिन्, 'न्यायिक समितिको कार्यविधिमा संशोधन गर्नुपर्ने विषय पनि छन् ।'

त्यसैगरी बेदकोट नगरपालिकाकी उपप्रमुख तुलसी जोशीले न्यायिक समितिमा कानुन अधिकृत, उजुरी प्रशासकलगायत जनशक्ति थप गर्नुपर्ने धारणा राखिन् । 'न्यायका लागि सहजीकरण गर्न इजलास लगायतका संरचना निर्माण गर्नुपर्छ,' संयोजक जोशीले भनिन्, 'वडास्तरसम्म मेलमिलाप केन्द्र सञ्चालन गरेर धेरै विवाद गाउँमै मिलेको अवस्था छ ।'

अन्तर्क्रियामा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले पालिकामा रहेका न्यायिक समिति बलियो बनाउन महिला आयोगसित आग्रह गरे । उनले जिल्लाका पुनःस्थापना केन्द्र बजेट अभावका कारण सञ्चालन गर्न समस्या भएको जानकारी दिए ।

'पुनःस्थापना केन्द्र सञ्चालनमा पनि स्रोत जुटाउन आवश्यक छ,' उनले भने, 'न्यायिक समिति सक्रिय र विश्वासिलो भए अदालत, प्रशासनको कार्यभार पनि घट्छ ।' महिला आयोगकी सदस्य विद्याकुमारी सिन्हाले महिला आयोग प्रदेशस्तरसम्म ल्याउन नसकिएको बताइन् । 'महिला तथा बालबालिका विकास कार्यालय पनि स्थानीय तहमा लगेर एउटा कर्मचारीको भरमा राखिएको अवस्था छ,' सदस्य सिन्हाले भनिन्, '५१ प्रतिशतभन्दा बढी महिलाको जनसंख्या भएको ठाउँमा महिला आयोगलाई भूमिका कम दिइयो ।'

कार्यक्रममा कञ्चनपुर जिल्ला अदालतका श्रेस्तेदार ताराप्रसाद जोशीले लैंगिक हिंसा न्यूनीकरणमा स्थानीय तहको भूमिका विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।


## पृथक बचत तथा ऋण सहकारी संस्था लि.

PRITHAK
प्रधान कार्यालय: कोटेश्वर-३२, काठमाण्डौं, फोन नं ०१-४६११६९२
सेवा केन्द्र: कागेश्वरी मनोहरा-९, सनराइज चोक, काठमाडौं, फोन नं ०१-५९१०५११

### गोप्य शिलबन्दी बोलपत्रद्वारा धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१/०२/०७*

यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरीएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफूले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको ३६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा वा ऋणीले समेत आफूले लिएको कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानून बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो लिलाम बिक्री वा धितो सुरक्षण सम्पत्ती पुनः लिलाम बिक्री वा यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याकंन भन्दा कम मूल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

**तपसिल**

| क.सं. | ऋणीको नाम, थर र ठेगाना | धितो जमानतकर्ताको नाम, थर र ठेगाना | धितो विवरण |
|---|---|---|---|
| १. | नाम : छत्र बहादुर बस्नेत<br>ना.प्र.नं.: १२-०१-७२-०२१०७<br>जारी मिति : २०७२/०४/१०<br>बाबु : सुर्ज बहादुर बस्नेत<br>बाजे : पदम बहादुर बस्नेत<br>ठेगाना खोटाङ, मंगलटार-०५<br>हाल : ललितपुर, भैसीपाटी-२५ | नाम : सित्तल प्रसाद शर्मा<br>ना.प्र.नं.: १०३६/९८००९<br>जारी मिति :२०६६/०५/३०<br>बाबु : झनक कुमार शर्मा<br>बाजे : भवनाथ शर्मा<br>ठेगाना : कटारी-०५ उदयपुर<br>हाल : सिद्धिगणेश-०७, भक्तपुर | छत्र बहादुर बस्नेत र सित्तल प्रसाद शर्माको संयुक्त नाममा मालपोत कार्यालयमा लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक छम्पी गा.वि.स वडा नं ९ कित्ता नं २१०, २१६, २१७, २६८ र ३२१ को क्षेत्रफल क्रमश २८६.११ ब.मी, ६३.५८ ब.मी, २२२.५३ ब.मी, ४१३.२७ ब.मी र १७१६.९६ ब.मि जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत । |
| २. | नाम : सित्तल प्रसाद शर्मा<br>ना.प्र.नं.: १०३६/९८००९<br>जारी मिति :२०६६/०५/३०<br>बाबु : झनक कुमार शर्मा<br>बाजे : भवनाथ शर्मा<br>ठेगाना : कटारी-०५ उदयपुर<br>हाल :सिद्धिगणेश-०७, भक्तपुर | नाम : छत्र बहादुर बस्नेत<br>ना.प्र.नं.: १२-०१-७२-०२१०७<br>जारी मिति : २०७२/०४/१०<br>बाबु : सुर्ज बहादुर बस्नेत<br>बाजे : पदम बहादुर बस्नेत<br>ठेगाना खोटाङ, मंगलटार-०५<br>हाल : ललितपुर, भैसीपाटी-२५ | छत्र बहादुर बस्नेत र सित्तल प्रसाद शर्माको संयुक्त नाममा मालपोत कार्यालयमा लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक छम्पी गा.वि.स वडा नं ९ कित्ता नं २१०, २१६, २१७, २६८ र ३२१ को क्षेत्रफल क्रमश २८६.११ ब.मी, ६३.५८ ब.मी, २२२.५३ ब.मी, ४१३.२७ ब.मी र १७१६.९६ ब.मि जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत । |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फारम यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट रु १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय बाहेक अन्य कुनै थप शर्त राखी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ ।
३. बोलपत्रमा आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको सिटिजन्स बैंकको कोटेश्वर शाखामा रहेको खाता नं. ००९०१०००००५१४२०९ मा जम्मा गरेको सक्कल भौचर वा यस संस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो सुरक्षणको निरिक्षण गर्न वा न्यूनतम मूल्याकंन सम्वन्धमा बुझ्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको कार्यालय कोटेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न वा बुझ्न सकिनेछ । साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईनेछैन ।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित भएको मितिले ३६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संस्थाको कार्यालय कोटेश्वर, काठमाडौंमा बोलपत्र खोलिनेछ । यदि ३६ औ दिनमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । ३५ दिन सम्म ऋणी वा धितो जमानतवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।



## कतारमा रोजगारको अवसर

**Teyseer Motors W.L.L.** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२४/०५/१७ | पत्र संख्या: ०८०/८१ | चलानी नं.: ६०२१९८०८ | LT No. 305048

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | MESSENGER | 01 | 00 | सम्बन्धित | 1200 | ४३७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | LABOUR | 06 | 00 | काममा दक्ष | 1000 | ३६४२० | | | | | | | |

**Ishaal Beauty Salon and SPA** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२४/०५/१२ | पत्र संख्या: ०८०/८१ | चलानी नं.: ६०२१९८१० | LT No. 304612

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | GENERAL CLEAN WORKER | 00 | 01 | सम्बन्धित | 1000 | ३६४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | HANNA BEAUTICIAN | 00 | 01 | काममा दक्ष | 1700 | ६१९१४ | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफसंग राख्नुहोला। (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**फाइनल अन्तर्वार्ता मिति २०८१ जेठ १४ गते (May 27, 2024) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ.
फोन: ०१-४१११५६०, Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LARSEN AND TORBO LIMITED ECC CONSTRUCTION GROUP

पूर्व स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 304986 | चलानी नं. ६०२१९७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 125 | 0 | 1000 | ३६,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 297478 | चलानी नं. ६०२१२५०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 50 | 0 | 1500 | ५३,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MESK CARES FOR CARS CO.

पूर्व स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 304936 | चलानी नं. ६०२१९७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 4 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NAJEM AL SHAMSI BUILDING MAINT

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | LT. No. 304991 | चलानी नं. ६०२१९७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 15 | 0 | 1200 | ४३,३३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 9 | 0 | 1000 | ३६,१०५ | | | | | | | |
| 3 | Construction Carpenter | 10 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 4 | Steel Fixer | 15 | 0 | 1200 | ४३,३३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORIGINAL COFFEE & REST.. EST.

पूर्व स्वीकृति मिति २०८१/०२/०३ | LT. No. 304837 | चलानी नं. ६०२१९६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४२,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAYA AL BAYDA TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 304016 | चलानी नं. ६०२१८८३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 3 | 0 | 150 | ६५,०५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 3 | 0 | 135 | ५८,५४५ | | | | | | | |
| 3 | Packaging Worker | 15 | 0 | 95 | ४१,१९५ | | | | | | | |
| 4 | Techinician | 4 | 0 | 135 | ५८,५४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

# प्रभाव दैनिक

सोमबार ०७, जेठ २०८१ (Monday, May 20, 2024)


रूपशाला

## विधी लम्साललाई 'मिस नेपाल पिस' उपाधि

काभ्रेपलाञ्चोककी नर्स विधी लम्सालले मिस नेपाल पिस २०२४ उपाधि जितेकी छन् । नेक्स्ट मोडल्स नेपालको आयोजनामा शनिबार सम्पन्न अन्तिम स्पर्धामा २३ नर्सिङ सुन्दरीलाई पछि पार्दै उनले बेस्ट पर्सनालिटीसहित उपाधि चुमेकी हुन् । लम्सालले मिस ग्लोबलमा नेपालको प्रतिनिधित्व गर्ने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा नयाँ ठिमी भक्तपुरकी अनिसा पराजुली फर्स्ट रनरअप र सामाखुसीनिवासी पला रेग्मी सेकेन्ड रनरअप भए ।



# 'तिब्बतीयन मुस्ताङ अ कल्चरल रेनेसा' सार्वजनिक



**काठमाडौं (प्रस)–** मुस्ताङमा दुई दशक बिताएका इटालियन नागरिक लुइगी फेइनी र अमेरिकी नागरिक केन्नथ पार्करले 'तिब्बतीयन मुस्ताङ अ कल्चरल रेनेसा' शीर्षकको चित्र पुस्तक प्रकाशनमा ल्याएका छन् ।

जर्मनीको हिरमरले प्रकाशन गरेको सो पुस्तक आइतबार यहाँ आयोजित एक कार्यक्रममा सार्वजनिक गरियो । मुस्ताङमा २० वर्ष बस्दा लुइगीले बसेर प्रत्यक्ष अवलोकन तथा अध्ययन गरी त्यहाँका गुम्बाभित्रका चित्रकला र ल्याण्डस्केप पुस्तकमा समावेश गरिएको जानकारी दिए ।

पुस्तक सार्वजनिक गर्दै उनले पाठकमाझ मुस्ताङमा बिताएका समय स्मरण गरे । 'नेपालमा धेरै सुन्दर स्थान छन्,' उनले भने, 'तर मलाई मुस्ताङको सौन्दर्यले बढी आकर्षित गर्‍यो ।' पुस्तकमा मुस्ताङको धर्म, संस्कृति, परम्परा र त्यहाँको जनजीवन झल्किने तस्बिर समावेश गरिएको उनको भनाइ छ ।

बज्र बुक्सका प्रमुख विदुर डंगोलले मुस्ताङलाई विश्वमा चिनाउन पुस्तक सहयोगी बन्नसक्ने धारणा राखे । पहिलो चरणमा तीन हजारप्रति बजारमा आएको पुस्तकको मूल्य १२ हजार रूपैयाँ तोकिएको छ ।

# प्रादेशिक चलचित्र विकास बोर्ड गठन गरिने

**झापा (प्रस)–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चलचित्र क्षेत्रको समृद्धिका लागि प्रादेशिक चलचित्र विकास बोर्ड बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

विर्तामोडमा आइतबारदेखि सुरु भएको कोशी चलचित्र महोत्सव उद्घाटन समारोहमा उनले कला, साहित्य, संस्कृति र पर्यटकीय क्षेत्रमा धनी रहेको कोशी प्रदेशसँग चलचित्र छायांकनका लागि नेपाली र भारतीय चलचित्रकर्मीलाई आकर्षण गर्न सक्ने सामर्थ्य भएको बताए । उनले कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा चलचित्र छायांकनका लागि 'आउटडोर' र 'इन्डोर' छायांकनस्थल निर्माण गर्न बजेट छुटयाउने आश्वासन दिए । मौलिक कला र संस्कृतिलाई जगेर्ना गर्दै पर्यटकीय प्रवर्द्धनमा टेवा पुर्‍याउने चलचित्र निर्माण गर्न उनले आग्रह गरे ।

नेपाल चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले चलचित्र मनोरञ्जन प्रदान गर्ने माध्यममात्र नभएर २१औं शताब्दीमा देशको राष्ट्रियता, कला र संस्कृतिको पहिचान बोक्ने शक्तिशाली माध्यम भएको बताए । उनले प्रदेशस्तरमा महोत्सवको आयोजना गर्ने कोशी पहिलो प्रदेश भएको जनाउँदै यस क्षेत्रको विकासका लागि प्रादेशिक विकास बोर्ड गठन हुनुपर्ने माग गरे ।

यही जेठ ११ गतेसम्म सञ्चालन हुने कोशी चलचित्र महोत्सवको आयोजना कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गरेको हो । यसको व्यवस्थापन कोशी चलचित्रकर्मी संघले गरेको छ ।

प्रदेशका भाषाभाषी र जातजातिको मौलिक चलचित्रहरू महोत्सवका क्रममा प्रदर्शन हुने भएका छन् । महोत्सवमा चलचित्रसम्बन्धी कार्यशाला, गोष्ठी र सांस्कृतिक झाँकी प्रस्तुत हुने भएका छन् । विर्तामोड, विराटनगर, इटहरीलगायत सहरमा छानिएका चलचित्रहरू महोत्सवमा प्रदर्शन गरिने चलचित्रकर्मी संघ कोशी प्रदेश समितिका महासचिव रमेश तिवारीले बताए

# संगीतकार शर्मालाई 'भारती अन्तर्राष्ट्रिय म्युजिक अवार्ड'

**काठमाडौं (प्रस)–** संगीतकार राजु शर्मा नेपालीले 'नेपाली बेस्ट म्युजिक कम्पोजर अवार्ड' पाएका छन् । नेपाली गीत, संगीतको माध्यमबाट समाजमा पुर्‍याएको योगदानको कदरस्वरूप उनलाई 'भारती अन्तर्राष्ट्रिय म्युजिक अवार्ड-२०२४' अन्तर्गत उक्त अवार्ड दिइएको हो ।

भारती पिक्चर्स प्रालिको प्रस्तुतिमा प्रवासी साझा मञ्चले भारती अन्तर्राष्ट्रिय म्युजिक अवार्ड-२०२४ आयोजना गरेको थियो । उक्त अवार्ड कार्यक्रम भारतको चण्डिगढस्थित टागोर थिएटरमा सम्पन्न भएको थियो ।




प्रवासी साझा मञ्चका अध्यक्ष कृष्णकुमार श्रेष्ठ, नेपाली दूतावास भारतका संस्कृति विभाग प्रमुख गोकुल बस्नेतलगायत उपस्थित कार्यक्रममा ५७ विधामा अवार्ड तथा सम्मान प्रदान गरिएको थियो ।

अवार्ड कार्यक्रममा उपस्थित हुन असमर्थ रहनु भएकाहरूलाई राजधानीमा एक कार्यक्रमको आयोजना गरि सम्मान तथा अवार्ड हस्तान्तरण गरिएको थियो । संगीतकार शर्मा नेपालीको अनुपस्थितिमा उनकी श्रीमती प्रतिमा क्षेत्री शर्माले अवार्ड ग्रहण गरेकी थिइन् ।

रंगशाला

### अन्तर्राष्ट्रिय हाफ म्याराथन

# राजन र सुमित्रालाई स्वर्णपदक

**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय हाफ म्याराथनको उपाधि पुरुषतर्फ राजन रोकाया र महिलातर्फ सुमित्रा चौधरीले जितेका छन् । दुवै विधाका विजेताले जनही ५०-५० हजार रूपैयाँ प्राप्त गरे ।

राजनले २१.१ किलोमिटर दौड एक घण्टा १६ मिनेट सात सेकेन्डमा पूरा गरे । दोस्रो भएका खिमबहादुर खत्रीले एक घण्टा १७ मिनेट २४ सेकेन्डमा दूरी पार गरे । धर्म महर्जन एक घण्टा १९ मिनेट ५८ सेकेन्ड खर्चंदै तेस्रो भए ।

महिलातर्फ सुमित्राले एक घण्टा ३४ मिनेट २६ सेकेन्डमा दौड पूरा गरिन् । उनी पछि पुष्पा भण्डारीले एक घण्टा ४२ मिनेट ५४ सेकेन्डमा दौड पूरा गरेर दोस्रो भइन् । मञ्जु सुनार दुई घण्टा तीन मिनेट आठ सेकेन्डको समयमा तेस्रो भइन् ।

त्यसैगरी पुरुष १० किलोमिटर दौडमा ३२ मिनेट ३३.१ सेकेन्डको समयसहित राजेन्द्र तामाङ पहिलो भए । यस्तै सुरज कार्की ३३ मिनेट ३९.२ सेकेन्डमा दोस्रो र रेम बुढामगर ३४ मिनेट ५३.१ सेकेन्डमा तेस्रो भए । महिलातर्फ १० किलोमिटर दौडमा फूलमति राना ३८ मिनेट २८.०५ सेकेन्डमा पहिलो, आशा रावत ३९ मिनेट ४.४० सेकेन्डमा दोस्रो तथा सगुन राई ५० मिनेट २० सेकेन्डमा तेस्रो भए ।




